वर्ष २० | अंक ११७ | काठमाडौं | शुक्रवार, ११ माघ २०८१ | Friday, 24 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण


राष्ट्रिय दैनिक

चेम्बरद्वारा भन्सार अधिकृत गोपालप्रसाद भट्टराईलाई सम्मान २

आईएमईसँगको सहकार्यमा अशोक लेल्यान्डले ल्यायो लेपावर जेनसेट ३

ट्रम्पको पुनरागमनले तरंगित विश्व अर्थराजनीति ४

दबाबमा रहेको अर्थतन्त्र सुधारको बाटोमा : अर्थमन्त्री पौडेल ८



घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

# पुसमा ह्वात्तै बढ्यो सुन आयात

## मङ्सिरसम्म २ अर्ब रूपैयाँको कच्चा सुन आयात भएकोमा पुस १ महीनामा साढे ४ अर्बभन्दा बढीको आयात

**अभियान संवाददाता**

काठमाडौं

सरकारले गत मङ्सिरमा सुन आयातमा लाग्ने भन्सार महशुल दर घटाएपछि पुसमा यसको आयात ह्वात्तै बढेको देखिएको छ । मङ्सिरदेखि नै सुन आयात बढ्न थाले पनि पुसमा धेरै गुणाले बढेको हो ।

भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको मङ्सिरसम्म १८५ किलो ९७८ ग्राम काँचो सुन आयात भएकोमा पुसमा ४०० किलो १०१ ग्राम आयात भएको छ । साउनदेखि मङ्सिरसम्म सुन आयात गर्न २ अर्ब ४ करोड रुपैयाँ खर्च भएकोमा पुस १ महीनामै ४ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको छ ।

मङ्सिर दोस्रो हप्ता सरकारले सुन आयातमा लाग्ने भन्सार महशुल दर २० बाट घटाएर १० प्रतिशत कायम गरेको थियो । चालू आर्थिक वर्ष (आव) २०८१/८२ को बजेटमार्फत सरकारले सुन आयातमा लाग्ने भन्सार दर ५ बाट बढाएर २० प्रतिशत बनाएको थियो ।

भन्सार महशुल दरमा ५० प्रतिशतले कटौती गरेपछि त्यसको असर आयातमा देखिएको हो । सुन व्यापारीले भारतको तुलनामा उच्च रहेको भन्सार दर र उच्च रूपमा बढेको सुनको मूल्यका कारण यसको आयात हुन नसकेको बताउँदै आएका थिए ।

भारतले गत साउनमा सुनको भन्सार महशुल १५ बाट ६ प्रतिशतमा झारेपछि भारतको तुलनामा नेपालमा



- मङ्सिर दोस्रो हप्ता सुन आयातमा लाग्ने भन्सार महशुल २० बाट घटाएर १० प्रतिशत कायम
- मङ्सिरदेखि नै सुन आयात बढ्ने क्रम शुरू
- व्यवसायी भन्छन्– यो परिमाणले पनि पुग्दैन

सुन महँगो हुने र भारतबाट तस्करी हुने खतरा व्यापारीले औंल्याउँदै आएका थिए । नेपाल सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधिमण्डलले अर्थमन्त्री विष्णु पौडेललाई भेटेर भन्सार दर समायोजन गर्न पटकपटक आग्रह गरेपछि सरकारलाई दबाब परेको थियो ।

भन्सार महशुल बढेका बेला बजारमा सुनको माग नभएको भन्दै बैंकहरूले पनि यसको आयात सीमित गरेका थिए । सुन आयात अघिल्लो आवको तुलनामा अस्वाभाविक रूपमा नगन्य भएपछि सरकारको राजस्वमा पनि असर परेको थियो । यसले सरकारलाई सुनको भन्सार महशुलमा पुनर्विचार गर्न बाध्य बनाएको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका संस्थापक अध्यक्ष मणिरत्न शाक्यले सुन आयातमा लाग्ने भन्सार दर घटाउनुअघि औपचारिक आयात निकै कम भए पनि अवैध आयात बढेको बताए । अहिले भन्सार घटेपछि औपचारिक रूपमै आयात बढेको हो । नेपालमा वाणिज्य बैंकलाई मात्र सुन आयात गर्ने अनुमति छ ।

**सुन आयात**

| महीना | परिमाण (ग्राममा) | मूल्य (रू हजार) |
|---|---|---|
| पुस | ४००,१०१ | ४,६७०,३९७ |
| मङ्सिर | ५३,४१४ | ६१२,६९९ |
| कात्तिक | ३२,४०९ | ३८४,२३९ |
| असोज | ० | ० |
| भदौ | ५० | ५२३ |
| साउन | १००,१०५ | १,०४२,७६६ |

*स्रोत : भन्सार विभाग*

पुसमा धेरै अघिदेखि रोकिएको हिसाबकिताब मिलाउन बिल चाहिने भएकाले औपचारिक रूपमा भित्रिएको सुन खरीद बढेको शाक्यले बताए । पहिला बैंकले सुन नल्याउँदा व्यवसायीले आफ्नो पुरानो स्टक पनि परिचालन गरेको उनले बताए ।

भारत सरकारले सुनको भन्सार घटाएको तर नेपालले नघटाएको बेला चोरीपैठारी बढ्दा बैंकले आयात गरेको सुन पनि विक्री भएको थिएन ।

देव कर्नर ज्वेलर्सका सञ्चालक देवरत्न शाक्यले माघमा लगन धेरै भएको हुँदा पुसमा धेरै सुन आयात भएको बताए । 'अर्कोतर्फ अहिले आयात परिमाण बढेको भए पनि हाम्रो आवश्यकताभन्दा कम हो,' शाक्यले भने, 'बजारलाई पुग्दो कच्चा सुन अझै आइपुगेको छैन । महासंघले बिहीवारका लागि सुनको मूल्य प्रतितोला १ लाख ५९ हजार ६०० रुपैयाँ तोकेको थियो ।

# १५ मध्ये सात वित्त कम्पनी घाटामा

## अधिकांशको निष्क्रिय कर्जा बढ्यो

| कम्पनी | खुद नाफा (रू हजार) | | घटबढ प्रतिशत | निष्क्रिय कर्जा % | |
|---|---|---|---|---|---|
| | चालू वर्षको दोस्रो त्रैमास | गतवर्षको दोस्रो त्रैमास | | चालू वर्षको दोस्रो त्रैमास | गतवर्षको दोस्रो त्रैमास |
| मञ्जुश्री फाइनान्स | ११७,०७९ | १०५,४७० | ११.०१ | ३.८६ | ३.५ |
| आइसिएफसि फाइनान्स | १०९,१३२ | ५३,२२२ | १०५.०५ | ३.०७ | २.२१ |
| प्रोग्रेशिभ फाइनान्स | ८५,३५० | -१०५,७५० | – | ७.५७ | १२.४५ |
| नेपाल फाइनान्स | २०,५०४ | ८१२ | २,४२५.१२ | १०.४६ | १०.५२ |
| मल्टीपर्पस फाइनान्स | २०,०३८ | ११,२४९ | ७८.१३ | ५.४५ | १.४८ |
| श्री इन्भेष्टमेण्ट फाइनान्स | १४,१६० | २५,६४४ | -४४.७८ | ३.७१ | १.९४ |
| गुडविल फाइनान्स | १०,४८९ | २२,८८५ | -५४.१७ | ६.७७ | ५.२३ |
| सेन्ट्रल फाइनान्स | ३,४९० | -४७,६४६ | – | ११.९४ | ९.४४ |
| गोर्खाज फाइनान्स | -२,५९८ | १२१,६०५ | | १४.४२ | १३.७३ |
| वेष्ट फाइनान्स | -१७,२६२ | १०,८४७ | | ३.८६ | ३.३२ |
| गुहेश्वरी मर्चेण्ट एण्ड फाइनान्स | -२१,८८१ | -६७,,०३० | | ८.१८ | ६.४५ |
| समृद्धि फाइनान्स | -६२,८२२ | -२१३४५ | | १९.३४ | ४.६८ |
| रिलायन्स फाइनान्स | -११९,७३९ | -५४,७६५ | | १४.३१ | ४.९६ |
| जानकी फाइनान्स | -२४८,२४७ | १,९८६ | | ४०.८८ | १९.९९ |
| पोखरा फाइनान्स | -६३७,९६४ | २९,०५४ | | ३३.४४ | ४.७६ |

*स्रोत : सम्बन्धित कम्पनीको वित्तीय विवरण*

- नाफा कमाउने कम्पनीको पहिलो नम्बरमा मञ्जुश्री फाइनान्स
- सर्वाधिक निष्क्रिय कर्जा जानकी फाइनान्सको ४०.८८ प्रतिशत

**लक्ष्मी शर्मा**

काठमाडौं

बैंक, वित्तीय संस्थाहरूको वित्तीय अवस्था समग्रमा खस्केका बेला वित्त कम्पनीहरूको अवस्था तुलनात्मक रूपमा थप बिग्रिएको तिनीहरूको वित्तीय विवरणले देखाएको छ ।

चालू आर्थिक वर्ष (आव)२०८१/८२ को दोस्रो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेका १५ वित्त कम्पनीमध्ये सातओटा घाटामा छन् । आठ कम्पनीले यस अवधिमा नाफा कमाएका छन् ।

गोर्खाज, वेष्ट, गुहेश्वरी मर्चेण्ट एण्ड, समृद्धि, रिलायन्स, जानकी र पोखरा फाइनान्स दोस्रो त्रैमाससम्ममा घाटामा गएका हुन् । यीमध्ये गोर्खाज, वेष्ट, जानकी र पोखरा फाइनान्सले गत आवको दोस्रो त्रैमासमा नाफा कमाएका थिए ।

चालू आवमा सबैभन्दा बढी घाटा पोखरा फाइनान्सको छ । यसको ६ महीनाको घाटा ६३ करोड ७९ लाख रुपैयाँ नाघेको छ । त्यस्तै मञ्जुश्री फाइनान्सले सबैभन्दा धेरै ११ करोड ७० लाख रुपैयाँ नाफा कमाएको छ । दोस्रोमा आइसिएफसि फाइनान्सले १० करोड ९१ लाख रुपैयाँ नाफा कमाएको छ ।

१५ वित्त कम्पनीमध्ये दुईओटाको निष्क्रिय कर्जा घटेको छ भने बाँकी सबैको बढेको हो । प्रोग्रेसिभ र नेपाल फाइनान्सको यस्तो कर्जा घटेको हो ।

चालू आवको दोस्रो त्रैमाससम्ममा सबैभन्दा बढी निष्क्रिय कर्जा जानकी फाइनान्सको छ । यसको निष्क्रिय कर्जा ४० दशमलव ८८ प्रतिशत पुगेको छ । गत आवको यस अवधिमा जानकीको निष्क्रिय कर्जा १९ दशमलव ९९ प्रतिशत थियो । जानकी फाइनान्सका सूचना अधिकारी रोशन कपारले तीन जना राजनीतिक प्रभाव भएका व्यक्ति र ६ ठूला ऋणीमा गएका ऋणको नउठ्दा निष्क्रिय कर्जा बढेको बताए । 'उनीहरूबाट कर्जा उठ्ने बित्तिकै निष्क्रिय कर्जा घट्नेछ ।'

दोस्रो धेरै निष्क्रिय कर्जा पोखरा फाइनान्सको ३३ दशमलव ४४ प्रतिशत छ । उक्त कम्पनीका सूचना अधिकारी राजुमोहन भट्टराईका अनुसार ठूलो कर्जा नउठेका कारण निष्क्रिय कर्जा बढेको हो ।

यसरी वित्तीय अवस्था बिग्रिएको पोखरा फाइनान्सले मर्जर तथा प्राप्ति प्रक्रियामा जान समिति गठन गरेको छ ।

कम्पनीले कुनै उपयुक्त बैंक, वित्तीय संस्थासँग मर्जर तथा प्राप्ति प्रक्रियामा जाने गरी २०७९ पुस २९ गते र २०८० पुस २९ गते सम्पन्न साधारणसभाबाट प्रस्ताव पारित गरेको थियो । सोही निर्णयबमोजिम कम्पनीले मर्जर तथा प्राप्ति प्रक्रिया अघि बढाउन माघ ९ गते मर्जर तथा प्राप्ति समिति गठन गर्ने निर्णय गरेको हो । पोखरा फाइनान्सको स्थलगत निरीक्षणका क्रममा नेपाल राष्ट्र बैंकले यसलाई समस्याउन्मुख कम्पनीका रूपमा औंल्याएको थियो । राष्ट्र बैंकले यो कम्पनीलाई कारबाही गर्दै सञ्चालन समितिलाई सचेत समेत गराइसकेको छ ।

### गोल्यान पावर र प्रोजिल ग्रीन इनर्जीबीच सौर्य ऊर्जामा सहकार्य

# २ वर्षमा ५०० मेगावाट सौर्य ऊर्जा उत्पादनको लक्ष्य

**अभियान संवाददाता**

काठमाडौं

गोल्यान पावर र भारतीय कम्पनी प्रोजिल ग्रीन इनर्जी नेपालले २ वर्षमा नेपालका विभिन्न स्थानमा ५०० मेगावाट सौर्य ऊर्जा उत्पादन गर्ने भएका छन् । गोल्यान पावर लिमिटेड र प्रोजिल ग्रीन इनर्जीबीचको संयुक्त उपक्रम 'प्रोजिल ग्रीन इनर्जी नेपाल' बुधवार काठमाडौंमा आयोजित प्रोजिल ग्रीन इनर्जी शिखर सम्मेलनमा औपचारिक रूपमा शुरू गरिएको हो । प्रोजिल ग्रीन इनर्जी दुई गिगावाटभन्दा बढी सौर्य क्षमता प्रदान गर्ने भारतको सबैभन्दा ठूलो सोलार ईपीसी कम्पनी हो ।

कार्यक्रममा प्रोजिल ग्रीन इनर्जीका अध्यक्ष शोवित बैजनाथ रायले आगामी २ वर्षभित्र ५०० मेगावाट सौर्य ऊर्जा उत्पादनको लक्ष्य रहेको बताए । नेपालमा नवीकरणीय ऊर्जा उत्पादन गर्दै ऊर्जाक्षेत्रका रूपान्तरणमा सघाउनु कम्पनीको उद्देश्य





भएको उनको भनाइ छ । यसले नेपालको कार्बन उत्सर्जन न्यूनीकरणको प्रयासमा टेवा पुग्ने भन्दै उनले उक्त सहकार्य महत्त्वपूर्ण एवं ऐतिहासिक आयाम भएको बताए ।

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले सरकारले नवीकरणीय ऊर्जाका परियोजना अगाडि बढाउन विभिन्न नीति ल्याइरहेको बताए । नियामक निकायको हैसियतले विद्युत् नियमन आयोगले पनि नयाँनयाँ नीतिमा काम गरिरहेको र यस क्षेत्रको प्रवर्द्धनमा अग्रसर रहेको उनको भनाइ थियो । उनले भने, 'सरकार नवीकरणीय ऊर्जाका क्षेत्रमा र निजीक्षेत्रलाई सघाउन सधैं तयार छ । तपाईंहरूले लगानी बढाउँदै जाने विश्वास छ ।'


कार्यक्रममा विशेष अतिथि रहेका आयोग अध्यक्ष धितालले सरकारले नवीकरणीय ऊर्जाका परियोजना अघि बढाउन विभिन्न नीति ल्याइरहेको बताए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले गोल्यान समूहसहितको कम्पनीले ५०० मेगावाट सौर्य ऊर्जा उत्पादन गर्ने विषयले ऊर्जा उत्पादक उत्साहित भएको बताए । निजीक्षेत्रको सक्रियतामा अबका केही वर्षमा नेपाल ऊर्जामा आन्तरिक उत्पादनबाटै आत्मनिर्भर हुन सक्ने अपेक्षा उनले गरे । नेपालमा जलविद्युत् क्षेत्रका लागि नीति बने पनि सौर्य ऊर्जाका लागि स्पष्ट नीति आउन नसकेको उनको भनाइ छ । त्यसका लागि सरकारले सौर्य ऊर्जालाई पनि प्राथमिकतामा राख्नुपर्नेमा उनले जोड दिए ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### रायोको सागपछि सिमीमा सबैभन्दा बढी विष

# किन बढ्दै छ तरकारीमा विषादी प्रयोगको मात्रा ?

**प्रशान्त खड्का**

काठमाडौं

देशकै सबैभन्दा ठूलो तरकारी तथा फलफूल बजार कालीमाटीमा भित्रिने तरकारी/फलफूलमा केही दिनयता दिनहुँजसो मानव स्वास्थ्यलाई नकारात्मक असर गर्ने विषादी अत्यधिक मात्रामा भेटिन थालेको छ ।

व्यावसायिक कृषिको विकासले गर्दा नेपालमा पछिल्लो समय विषादीको आयात र प्रयोग दुवै बढ्दै गएको सम्बद्ध अधिकारीहरूले बताउँदै आएका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गरेको परीक्षणका क्रममा गत पुस २४ मा कालीमाटी भित्रिएको रायोको सागमा सबैभन्दा बढी ९९ प्रतिशतसम्म विषादी प्रयोग भएको पाइएको थियो । त्यसयता पटकपटक तरकारीमा विषादी अत्यधिक मात्रामा भेटिँदै आएको छ ।

पछिल्लोपटक चितवनबाट ल्याइएको ११४ किलो हरियो सिमीमा ४२ प्रतिशतसम्म इन्जाइम इन्हिबिसन (रोकावट वा अवरोध) दर पाइएको विभागले जनाएको छ । विभागले बुधवार रातिदेखि बिहीवार बिहान ५ बजेसम्म १५० ओटा नमूना परीक्षण गरेको थियो ।

मापदण्डबमोजिम इन्जाइम इन्हिबिसन दर ३५ प्रतिशतभन्दा कम





भएकालाई खानयोग्य मानिन्छ । यो दर ३५ देखि ४५ प्रतिशत भएकोलाई क्वारेन्टाइन होल्ड (केही दिन राखेर) गरी पुन: परीक्षण गर्ने र ४५ प्रतिशतभन्दा बढी भएमा अस्वीकृत गरी नष्ट गर्नुपर्ने प्रावधान छ ।

'केही वर्षपहिलेसम्म विषादीको प्रयोग नगरी उत्पादन भइरहेका बालीनालीमा अहिले विषादी हाल्नैपर्ने अवस्था सृजना भएको छ,' प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका प्रमुख भोजराज सापकोटा भन्छन्, 'यसको मुख्य कारण व्यावसायिक कृषिको वृद्धिले बेमौसमी बाली उत्पादन र जलवायु परिवर्तनका कारण नयाँनयाँ रोग र कीराले बालीलाई आक्रमण गर्नु हो ।'

केन्द्रको तथ्यांकअनुसार नेपालमा पछिल्लो समय विषादी आयातको मात्रा पनि ह्वात्तै बढेको छ । केन्द्रका अनुसार आर्थिक वर्ष (आव) २०७५/७६ मा ८०९ मेट्रिक टन विषादी आयात भएकोमा आव २०७९/८० मा यो बढेर १ हजार १८३ मेट्रिक टन पुगेको छ ।

केन्द्रमा कीटनाशक, ढुसीनाशक, ब्याक्टेरियानाशक, सुलसुलेनाशक, शंखेकीरानाशक, मुसानाशक, कीरानाशक र जैविक समूहका विषादीमा सामान्य नामका आधारमा १६८ र व्यापारिक नामका आधारमा ५ हजार ८०७ विषादी पञ्जीकरण भएका छन् ।

विषादी आयातको मात्रामा भन्दा पनि प्रयोगमा विशेष ध्यान दिनुपर्ने सापकोटा बताउँछन् । अहिले नेपालमा आयात हुने गरेका विषादी सरकारले मान्यता दिएकै हुन् । तर, किसानले ती विषादी तरकारी र फलफूलमा छरेपछि त्यसको प्रकृतिअनुसार कुनुपर्ने समयभन्दा अगावै बजारमा पुऱ्याउँदा उपभोक्ताको लागि खतरा बनिरहेको उनले बताए ।

» बाँकी पृष्ठ ५ मा

# 'महालक्ष्मी विकास बैंक बिजचित्र फोटोग्राफी प्रतियोगिता'का विजेता सम्मानित

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले अगस्ट १९ मा मनाइने विश्व फोटोग्राफी दिवसको अवसरमा आयोजना गरेको 'महालक्ष्मी विकास बैंक बिजचित्र फोटोग्राफी प्रतियोगिता-संस्करण २' को पुरस्कार वितरण कार्यक्रम बिहीवार सम्पन्न भएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमबीच प्रथम, द्धितिय, तृतीय स्थान तथा पब्लिक च्वाइस अवार्ड हासिल गर्ने फाटोग्राफरलाई पुरस्कार वितरण गरिएको थियो । उक्त प्रतियोगितामा सुवास श्रेष्ठ प्रथम, शौरभ बज्राचार्य दोस्रो र पारसराज बर्जाचार्य तेस्रो भएको



बताइएको छ। विजेताले प्रमाणपत्रका साथमा क्रमशः २० हजार, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। त्यस्तै पब्लिक च्वाइसमा सबैभन्दा बढी भोट प्राप्त गरी घनश्याम श्रेष्ठले प्रमाणपत्रसहित ५ हजार रुपैयाँ र उत्कृष्ट १५ फोटोग्राफरले प्रमाणपत्र प्राप्त गरेको बताइएको छ ।

प्रतियोगितामा समावेश सम्पूर्ण फोटोहरू उत्कृष्ट तथा स्थानीय तहमा सञ्चालित व्यवसायमार्फत सकारात्मक सन्देश प्रदान गर्ने खालका रहेको बताइएको छ । यस्ता कार्यबाट स्थानीय व्यवसाय, उद्यमशीलता, स्थानीय कलाको प्रवर्द्धन तथा प्रचारप्रसार गर्न सहयोग पुग्ने विश्वास बैंकको छ ।

# चेम्बरद्वारा भन्सार अधिकृत गोपालप्रसाद भट्टराईलाई सम्मान




काठमाडौं (अस) । नेपाल चेम्बर अफ कमर्सले ७३औं अन्तरराष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागका शाखा अधिकृत गोपालप्रसाद भट्टराईलाई सम्मान गरेको छ । उत्कृष्ट भन्सार सेवा तथा व्यापार प्रवर्द्धनमा पुऱ्याएको योगदानको लागि उनलाई सम्मान गरिएको बताइएको छ ।

सम्मान समारोहमा चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले भन्सार प्रशासन सुधार गर्दै व्यापार सहज बनाउन आवश्यक रहेको बताए । उनले भन्सारमा प्रचलित सन्दर्भ मूल्यांकन प्रणालीलाई अन्तरराष्ट्रिय मापदण्ड अनुसारको कारोबार मूल्यांकन प्रणालीमा रूपान्तरण गर्नुपर्ने र कर निर्धारणको स्पष्टता बढाउन हर्मोनिक कोडको पुनरवलोकन आवश्यक रहेको उल्लेख गरे ।

चेम्बरका पूर्व अध्यक्ष राजेन्द्र मल्लले भन्सार व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै अवैध व्यापार नियन्त्रण गर्न जोड दिए । वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले भन्सारको मूल्यांकन प्रक्रियामा देखिएका समस्या औंल्याउँदै कारोबार मूल्यलाई प्राथमिकता दिँदा राजस्व संकलन वृद्धि गर्न सकिने धारणा राखे । अर्थसचिव रामप्रसाद घिमिरेले सरकार र निजी क्षेत्रको सहकार्यद्वारा नीति सुधारलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै वर्तमान नीति तथा कानूनी चुनौती समाधान र व्यापारमैत्री वातावरण निर्माणमा सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

# व्यावसायिक आलु उत्पादन गर्न आलुका जातको अनुसन्धान गरिँदै

चितवन । आलुखेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले जिल्ला कृषि कार्यालयले चितवनको खैरहनी नगरपालिका-१० खरखुट्टेमा आलुका जातको अनुसन्धान गर्दै आएको छ। कार्यालयले वार्षिक कार्यक्रमअन्तर्गत आलुको उन्नत जात तथा स्वदेशी एवं विदेशी हाइब्रिड जातको अनुसन्धान गर्न यहाँ आलु लगाएर परीक्षण गर्दै आएको हो । कार्यालयका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार यस स्थानमा विभिन्न १० प्रकारका आलुको अनुसन्धान भइरहेको छ ।

१० ओटा आलुका जातमध्ये सातओटा आलुका जात युरोपबाट ल्याएर परीक्षण तथा अनुसन्धान गरिरहेको उनले बताइन् । यी जात परीक्षणका क्रममा रहेको र सूचीकृत भइनसकेको उनको भनाइ छ। आलु खनेपछि थप अनुसन्धान हुने त्रिपाठीले जानकारी दिइन् । यहाँका किसान कृष्णप्रसाद अर्यालको खेतमा आलुका जातबारे अनुसन्धान गरिँदै आइएको हो । अर्यालका अनुसार यहाँ आलु उत्पादन धेरै भए पनि बजार मूल्यमा एकरूपता छैन । व्यापारीले सकेसम्म कम मूल्यमा खरीद गर्ने हुँदा यसका लागि आलुको जात कायम गरी मूल्यमा एकरूपता ल्याइनुपर्ने उनले बताए । यस क्षेत्रबाट वार्षिक ३७ करोडसम्मको आलु विक्री हुने गरेको उनले बताए । व्यापारी र उपभोक्ताले खोजेको जातको आलु लगाउन सकेमा यस क्षेत्रबाट धेरै मात्रामा आलु उब्जाउन सकिने र मूल्य बढी पाइने उनको भनाइ छ। कृषि कार्यालयले यहाँ अध्ययन गर्दै आएको आलुमा ०.५२, २५.७, एल्बर स्टोन रसेट, क्यामेन, स्यागिटा, क्युन्टेरा, इनोभेटरलगायत जात छन् । त्यसैगरी फ्राइसोना, सन्ताना र स्थानीय नीलो जातका आलु पनि कार्यालयले अनुसन्धान गर्दै आएको छ । *रासस*


## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
ICFC

**तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशीत मिति : २०८१/१०/११**

यस फाइनान्सको बौद्ध शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा असुल उपर हुनुपर्ने सम्पूर्ण रकम फाइनान्सले प्रचलित कानुन अनुसार तपाँइ ऋणीको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| **१.ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
|---|---|
| **नाम : थानेश्वर सापकोटा**<br>बाबु : पुनाराम सापकोटा<br>बाजे : नरिश्वर सापकोटा<br>ना.प्र.नं.: १/०४/५५३३८, मिती : २०६१/०४/२१<br>जि.प्र.का. कपिलबस्तु<br>ठेगाना : बाणगंगा वडा नं. ६, कपिलबस्तु ।<br>हाल काठमाण्डौं न.पा. वडा नं.०४, धुम्वाराही काठमाडौं । | **नाम : प्रतिभा विमली**<br>बाबु : नर प्रसाद विमली<br>पति : थानेश्वर सापकोटा<br>ससुरा : पुनाराम सापकोटा<br>ना.प्र.नं.: ४३२४४, मिती : २०६६/११/०५<br>जि.प्र.का. सुनसरी<br>ठेगाना : दुहवि वडा नं. ५, सुनसरी ।<br>हाल काठमाण्डौं न.पा. वडा नं.०४, धुम्वाराही काठमाडौं । |

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np
www.icfc.com.np



## Notice
## Submission of Online Examination Form CA Membership Examination, March 2025

This is to notify to all concerned that the examination forms for the Chartered Accountant Membership Examination of March 2025 in pursuance with Rule 41 of the Nepal Chartered Accountants Regulations, 2004 can be submitted online from 24 January, 2025 (11 Magh, 2081) till 5:00 PM of 13 February, 2025 (01 Falgun, 2081) with payment of normal fee and till 5:00 PM of 18 February, 2025 (06 Falgun, 2081) with payment of late fee.

In addition to centres in Kathmandu, the CA Membership Examination will also be held in Biratnagar, Pokhara, Butwal, Birgunj, Chitwan, Nepalgunj and Dhangadhi subject to a minimum of 10 applicants in each centre. Centre with less than the minimum number of applicants will be cancelled and the applicants of those centres will be transferred to Kathmandu centre.

The examination is scheduled to be held on 16th and 17th March, 2025. The detail schedule will be published later on.

The online examination form can be submitted by logging into "Online CA Membership Examination Form" portal available in ICAN website "www.ican.org.np". Applicants facing difficulty in submitting online examination form can either contact ICAN at 01-5430832, 01-5430730 or can drop an email at exam@ican.org.np or can visit ICAN offices for necessary assistance.

(Note: Examination form will not be accepted until the payment is made.)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under The Nepal Chartered Accountants Act, 1997)
ICAN Marg, Satdobato, Lalitpur
Post Box No.: 5289, Tel.: 5430730, 5430832
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np



## कर्जा चुक्ता गर्न आउने पुन : ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/१०/११ गते**

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित तपाई ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईलाई पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र बैंकमा उपस्थित हुनु भई तपाई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरि लिनु हुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्वन्धि निर्देशन तथा बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री सम्वन्धि कार्यविधि २०६६ लगायत प्रचलित कानून बमोजिम सम्वन्धित ऋणीलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाईने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानीदाता, धितो कर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनु होला।

**तपसिल**

**विरगंज शाखा :**

**१) ऋणी : हरिन्द्र सहनी मलाह (ना.प्र.प.नं. : ३४३०५१/३० जारी मिति/जिल्ला : २०६३/१२/२९, पर्सा)**
बाबु : जयरुप सहनी मलाह, बाजे : देवकी सहनी मलाह
ठेगाना : मनियारी गा.वि.स. वडा नं. ५, पर्सा, हाल : वीरगंज म.न.पा. वडा नं. २२, मनियारी, पर्सा

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) हरिन्द्र सहनी मलाह, बाबु : जयरुप सहनी मलाह, बाजे : देवकी सहनी मलाह
ठेगाना : मनियारी गा.वि.स. वडा नं. ५, पर्सा, हाल : वीरगंज म.न.पा. वडा नं. २२, मनियारी, पर्सा
ख) मिरा देवी, बाबु : मकुन सहनी मलाह, पति : हरिन्द्र सहनी मलाह, ससुरा : जयरुप सहनी मलाह
ठेगाना : मनियारी गा.वि.स. वडा नं. ५, पर्सा, हाल : वीरगंज म.न.पा. वडा नं.२२, मनियारी, पर्सा
ग) अनिल कुमार सहनी, बाबु : हरिन्द्र सहनी मलाह, बाजे : जयरुप सहनी मलाह
ठेगाना : वीरगंज म.न.पा. वडा नं. २२, पर्सा, हाल : वीरगंज म.न.पा. वडा नं. २२, मनियारी, पर्सा

कर्जा शिर्षक : महालक्ष्मी होम इक्वीटी कर्जा

**धितो सुरक्षणको विवरण :**
श्री देवकी सहनी मलाह नाती, श्री जयरुप सहनी मलाहको छोरा, पर्सा जिल्ला मनियारी गा.वि.स. वडा नं. ५, पर्सा स्थाई ठेगाना भई हाल : वीरगंज म.न.पा. वडा नं.२२, मनियारी, पर्सा बस्ने हरिन्द्र सहनी मलाहको नाममा मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला मनियारी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १०३५ को क्षेत्रफल ०-०-५-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

**२) ऋणी : खैरुल खातुन (ना.प्र.नं. ४७५२, जारी मिति : २०५८/११/१७, रौतहट)**
बाबु : भदै मिया, पति : हाकिम मिया, ससुरा : सैनुल मिया धोबी
ठेगाना : रामपुरखाप ६, रौतहट

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) खैरुल खातुन, बाबु : भदै मिया, पति : हाकिम मिया, ससुरा : सैनुल मिया धोबी
ठेगाना : रामपुरखाप ६, रौतहट
ख) हाकिम मिया, बाबु : सैनुल मिया धोबी, बाजे : शोभी मिया धोबी
ठेगाना : वीरगंज उ.म.न.पा. १, पर्सा

कर्जा शिर्षक : महालक्ष्मी होम इक्वीटी कर्जा

**धितो सुरक्षणको विवरण :**
श्री सैनुल मिया धोबीको बुहारी, श्री हाकिम मियाको पत्नि, जिल्ला रौतहट, रामपुरखाप-०६, हाल- बीरगंज मा.न.पा.-०१, पर्सा बस्ने वर्ष ४३ को श्री खैरुल खातुनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको जिल्ला पर्सा, विरगंज वडा नं. १ स्थित कित्ता नं ८५, को क्षेत्रफल १३६.६ व.मि. घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**३) ऋणी : रामायण प्रसाद यादव (ना.प्र.प.नं. : ०८६२१६१५ जारी मिति/जिल्ला : २०४४/१२/३०, पर्सा)**
बाबु : ढोडा राउत अहिर, बाजे : सहदेव राउत
ठेगाना : बिन्दवासिनी गा.वि.स. वडा नं. ६ पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) रामायण प्रसाद यादव, बाबु : ढोडा राउत अहिर, बाजे : सहदेव राउत
ठेगाना : बिन्दवासिनी गा.वि.स. वडा नं. ६ पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा
ख) उर्मिला देवी यादव बाबु : गुली राउत अहिर, ससुरा : ढोडा राउत अहिर, पति : रामायण प्रसाद यादव
ठेगाना : विन्दवासिनी गा.वि.स वडा नं. ६ पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा
ग) ढोडा राउत अहिर, बाबु : सहदेव राउत, बाजे : बली राउत अहिर
ठेगाना : बर्वागोग गा.वि.स. वडा नं. ६ पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा
घ) शिवम कुमार यादव, बाबु : रामायण प्रसाद यादव, बाजे : ढोडा राउत अहिर
ठेगाना : बीरगंज उ.म.न.प. वडा नं. २२, पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा
ङ) सिद्धान्त प्रसाद यादव, बाबु : रामायण प्रसाद यादव, बाजे : ढोडा राउत अहिर
ठेगाना : बीरगंज म.न.प. वडा नं. १९, पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा
च) शुभम कुमार यादव, बाबु : रामायण प्रसाद यादव, बाजे : ढोडा राउत
ठेगाना : बिन्दबासिनी गा.वि.स. वडा नं. ६, बीरगंज म.न.प. वडा नं. १९, पर्सा
छ) सोनिया अहिरिन, बाबु : सिहासन प्रसाद यादव, पति : ढोडा राउत अहिर, ससुरा : सहदेव राउत
ठेगाना : बर्वागोग गा.वि.स वडा नं. ६ पर्सा, हाल : बीरगंज म.न.प. वडा नं. १९, पर्सा

कर्जा शिर्षक : महालक्ष्मी होम ईक्युटी लोन

**धितो सुरक्षणको विवरण :**
श्री घवल प्रसाद यादव नातीनी, श्री सिहासन प्रसाद यादवको छोरी, श्री ढोडा राउत अहिरको पत्नि पर्सा जिल्ला बर्वागोग गा.वि.स. वडा नं. ६ पर्सा स्थाई ठेगाना भई हाल बीरगंज म.न.प. वडा नं. १९, पर्सा बस्ने सोनिया अहिरिनको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १२४२ को क्षेत्रफल ०-२-०-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com



## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१०/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (गल्छी शाखा, धादिङ)**

औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०७४/०८/२० मा प्रा.फ.द.प्र.प.नं. ५४३६/०७४/०७५ अन्तर्गत दर्ता भएको **को को कुखुरा पालन फर्म ।**
ठेगाना : धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
कृष्ण बहादुर खड्काको नाति इन्द्र बहादुर खड्काको छोरा धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. १/५१८३७ (जारी मिति २०६८/०९/२१, स्थान धादिङ्ग) भएका **ईश्वर खड्का ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. दिपक कार्कीकी छोरी इन्द्र बहादुर खड्काकी बुहारी इश्वर खड्काकी श्रीमती धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २६-०१-७५-१०२४४ (जारी मितिः २०७५/१२/१७, स्थान धादिङ्ग) भएकी **दिपा खड्का ।**
२. राम बहादुर सुवेदीकी छोरी कृष्ण बहादुर खड्काकी बुहारी इन्द्र बहादुर खड्काकी श्रीमती धादिङ्ग जिल्ला, पिंडा गा.प. वडा नं. ३ स्थायी घर भई हाल धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ५० (जारी मितिः ०४६/३/२८, स्थान धादिङ्ग) भएकी **गंगा देवी सुवेदी ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ बस्ने, **इश्वर खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ्ग जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६क मा अवस्थित कि.नं. ३८० क्षेत्रफल ५-१-१-३.५ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. धादिङ्ग जिल्ला, पिंडा गा.प.वडा नं. ३ स्थायी घर भई हाल धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. २ बस्ने, **गंगा देवी सुवेदी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ्ग जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६क मा अवस्थित कि.नं. ७२५ क्षेत्रफल १-१-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (घोराही शाखा, दाङ)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७०/१०/२७ मा दर्ता नं. ११९५३७/०७०/०७१ अन्तर्गत दर्ता भएको **डि.बि. कन्स्ट्रक्सन प्रा. लि. ।**
ठेगाना : दाङ्ग जिल्ला, त्रिपुर न.पा. वडा नं. १० ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. भक्त बहादुर कामीको नातिनी लिले कामीकी छोरी भिम बहादुर वि.क.की श्रीमती दाङ्ग जिल्ला, धर्ना गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.न १३६६/११०१ (जारी मिति २०६२/८/२२, स्थान दाङ्ग) भएकी **शोभा वि.क. ।**
२. भक्त बहादुर कामीको नाति लिले कामीको छोरा दाङ्ग जिल्ला, ढिकपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. ९ बस्ने, ना.प्र.न २८४/७६३ (जारी मिति ०५३/५/५, स्थान दाङ्ग) भएका **भरत वि.क. ।**
३. खुशल राम कवरकी छोरी लिले कामीकी बुहारी भरत वि.क.की श्रीमती दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. ९ बस्ने, ना.प्र.न ५२-०१-७४-००७५३ (जारी मिति २०७४/०१/२६, स्थान दाङ्ग) भएकी **इश्वरी वि.क. ।**
४. जगत राम सुनारको नाति मेहरमान सुनारको छोरा दाङ्ग जिल्ला, धर्ना गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.न ११४१/१३०३ (जारी मिति २०६०/१०/२६, स्थान दाङ्ग) भएका **भिम वहादुर वि.क. ।**

**धितोको विवरण**

दाङ्ग जिल्ला, धर्ना गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने, **शोभा वि.क.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स. वडा नं. २, नक्सा सीट नं २ग मा अवस्थित कि.नं. १०५३ र १२४६ क्षेत्रफल २९५.७३ र ४४.२५ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
**सवारी साधन धितोको विवरणः**
ऋणी **डि.बि. कन्स्ट्रक्सन प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. रा १ क ८६३ भएको 3DX SUPER BACKHO LOADER.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेश्रो पटक प्रकाशित मिति २०८१।१०।११**

यस कम्पनीको मिति २०८१/०९/२५ मा बसेको साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **सोनि टेक नेपाल प्राईभेट लिमिटेड** (Soani Tech Nepal Private Limited)(दर्ता नं. १४९७४७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८१/१०/०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अल्पिनिस्ट स्टुडियोस् प्राईभेट लिमिटेड** (Alpinist Studios Private Limited) कायम गरिएको जानकारी गराईन्छ ।



## काठ दाउरा डाँक बढाबढ विधिबाट लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/११ गते

डिभिजन वन कार्यालय बाँकेको च.नं. २७०७ मिति २०८०/११/३० गतेको वन पैदावार संकलन सहमति बमोजिम आ.व. २०८०/०८१ मा संकलन भई यस समूहमा आन्तरिक खपत पश्चात घाटगद्दीमा बाँकी रहेका काठ दाउरा डिभिजन वन कार्यालय बाँकेको च.नं. १९७४ मिति २०८१/१०/१० गतेको व्यापारिक प्रयोजनको लागि वन पैदावार बाह्य लिलाम सहमती बमोजिम असना गोलिया थान १ को २०.७७ क्यू.फिट, कर्मा गोलिया थान ५ को ४९.२३ क्यू. फिट, साल जातको दाउरा ०.५० चट्टा र कुकाठ मिश्रित दाउरा ७ चट्टा संघीय वन नियमावली २०७९ को नियम २५ एवम वन (दोस्रो संशोधन) नियमावली, २०८१ को नियम ५ एवम वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ को दफा ३१ उपदफा (क) बमोजिम समूह बाहिर डाँक बढाबढ विधिबाट लिलाम बिक्रीका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

**सदाबहार सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-६, जोरैया, बाँके



महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

## महालक्ष्मी विकास बैंक लिमिटेडको संस्थापक समूहको शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनीहरूको जानकारीका लागि प्रकाशित सूचना

प्रकाशित मिति : २०८१/१०/११ गते

यस बैंकका संस्थापक शेयरधनीले आफ्नो नाउमा कायम रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निबेदन दिनु भएकोले प्रचलित ऐन कानून तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन बमोजिम उक्त संस्थापक शेयर खरिद गर्ने पहिलो हक यस संस्थाका संस्थापक समूहका शेयरधनीहरुलाई भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः संस्थापक शेयर खरिद गर्न इच्छुक संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकको केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौमा निबेदन दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र शेयर खरिदको निबेदन प्राप्त हुन नआएमा प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन बमोजिम शेयर बिक्री गर्न थप कारवाही अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

यस सम्बन्धी विस्तृत विवरण बैंकको केन्द्रीय कार्यालय दरबारमार्गमा सम्पर्क गरी लिन हुन अनुरोध छ ।

**केन्द्रीय कार्यालय,**
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

## आईएमईसँगको सहकार्यमा अशोक लेल्यान्डले ल्यायो लेपावर जेनसेट

काठमाडौं (अस) । कमर्सियल सवारीसाधन र पावर सोलुसनको क्षेत्रमा परिचित कम्पनी अशोक लेल्यान्डले आईएमई ग्रुपसँगको सहकार्यमा ‘नेक्स्ट-जेन लेपावर जेनसेट’ सार्वजनिक गरेको छ । लेपावर जेनसेटको आधिकारिक वितरकको रूपमा आईएमई इलेक्ट्रिक प्रालिले देशमा बढ्दै गएको ऊर्जा मागलाई पूरा गर्ने उद्देश्यका साथ अत्याधुनिक पावर सोलुसन उपलब्ध गराउने क्रममा लेपावर जेनसेट बजारमा ल्याएको बताइएको छ ।




अशोक लेल्यान्डका सार्क हेड अमिताभ श्रीवास्तवले अशोक लेल्यान्ड इन्डियाले लेपावर जेनसेटका साथ नेपालको बजारमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै आएको बताए । आईएमई ग्रुपसँगको सहकार्यले विश्वसनीयता र उत्कृष्टताका माध्यमबाट शहरी र औद्योगिक क्षेत्रमा आवश्यक ऊर्जा उपलब्ध गराउन यी जेनसेट उत्पादन तथा विक्री वितरण गरिएको उनको भनाइ छ ।

सो अवसरमा आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले सबै क्षेत्रमा गुणस्तरीय उत्पादन र सेवा उपलब्ध गराउनमा आईएमई ग्रुप प्रतिबद्ध रहेको बताए । कार्यक्रममा आईएमई इलेक्ट्रिकका कार्यकारी निर्देशक निशान ढकाल, आईएमई मोटर्सका निर्देशक सन्दिप अग्रवाल र अशोक लेल्यान्डका कन्ट्री म्यानेजर बिप्लव पाउल लगायतको उपस्थिति थियो ।

## टीभीएस मोटरद्वारा स्किल फेस्टको आयोजना

काठमाडौं (अस) । टीभीएस मोटर कम्पनीद्वारा काठमाडौंमा आयोजित शीप प्रतियोगितामा जेएमपीएल नेपालको प्रतिनिधित्व गर्दै ३० उत्कृष्ट टेक्निसियने सहभागी भएको बताइएको छ । प्रतियोगितामा सहभागी ३० जना टेक्निसियन नेपालभर छानिएको बताइएको छ । प्रतियोगितामा टीभीएस मोटर्सले टेक्निसियनहरूको क्षमता वृद्धि गर्दै अटोमोटिभ उद्योगमा आफ्नो नेतृत्वलाई थप बलियो बनाउने बताइएको छ ।

शीर्ष ३० टेक्निसियन मध्ये उत्कृष्ट ५ को छनोट गरिने र तिनले भारतको बेंगलोरमा टीभीएस मोटर कम्पनीले आयोजना गर्ने एसिया स्तरको शीप प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने बताइएको छ ।

टीभीएस मोटर्सले विभिन्न देशका उत्कृष्ट टेक्निसियनलाई एकै मञ्चमा उभ्याउने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरेको बताइएको छ । प्रतियोगिता, सहभागीको प्राविधिक दक्षता प्रदर्शनका लागि मात्र नभई सहकर्मी र उद्योगकै अग्रणीहरूसँग प्रत्यक्ष रूपमा सिक्ने उल्लेखनीय अवसर पनि भएको बताइएको छ । यस्ता कार्यक्रममार्फत टीभीएस मोटर्सले बजारमा आफ्नो नेतृत्वलाई थप बलियो बनाएको अपेक्षा गरिएको छ ।

---

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

| केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ | शाखा कार्यालय: पथरी मोरङ्ग | शाखा कार्यालय : लेटाङ्ग, मोरङ्ग | शाखा कार्यालय : बनेपा, काभ्रेपलाञ्चोक | शाखा कार्यालय : सिन्धुली |
|---|---|---|---|---|
| फोन नं.: ०१-४५२३४३२/३४/३६ | फोन नं.: ०२१-५५५४०१ | फोन नं.: ०२१-५६०६४५/५५ | फोन नं.: ०११-६६०७०१/११ | फोन नं.: ०४७-५२०६३२/७६३ |

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/१०/११ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

**शाखा कार्यालय: पथरी मोरङ्ग**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/१२/०९ मा दर्ता नं. ३५४९०/०७७/७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. २, स्थित **भेटघाट कोल्ड स्टोर्स** **प्रोप्राइटर: पुर्ण बहादुर राई**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डम्बर बहादुर खाम्तेल राईको बुहारी, पुर्ण बहादुर राईको पत्नी, मोरङ्ग जिल्ला, पथरी गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **सबिता राई (ना.प्र.प.नं.: ०५-०२-७७-०३३८१, मोरङ्ग)**

२. ईन्द्र कुमार राईको नाति, डम्बर बहादुर खाम्तेल राईको छोरा, मोरङ्ग जिल्ला, पथरी गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **पुर्ण बहादुर राई (ना.प्र.प.नं.: १३३१७, मोरङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

**पुर्ण बहादुर राईको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ६, स्थित कित्ता नं. ४०४३ को क्षेत्रफल ०-०-१९-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६३/०६/३१ मा दर्ता नं. २१२८१/०६३ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ३ स्थित **गदाल सुन चादी पसल** **प्रोप्राइटर: कर्ण बहादुर विश्वकर्मा**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डिल्लीमान विश्वकर्माको बुहारी, कर्ण बहादुर विश्वकर्माको पत्नी, मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सरु विश्वकर्मा (ना.प्र.प.नं.: ०५३०५४/१३४८, मोरङ्ग )**

२. रबिन्द्र विश्वकर्माको नाति, डिल्लीमान विश्वकर्माको छोरा, संखुवासभा जिल्ला, लिङलिङफापुङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **कर्ण बहादुर विश्वकर्मा (ना.प्र.प.नं.: ६०४-१८३९६, संखुवासभा)**

३. डिल्लीमान विश्वकर्माको नातिनी, कर्ण बहादुर विश्वकर्माको छोरी, मोरङ्ग जिल्ला, पथरी शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **अनिता गदाल (ना.प्र.प.नं.: ०५-०२-७६-०११८५, मोरङ्ग)**

४. डिल्लीमान विश्वकर्माको नाति, कर्ण बहादुर विश्वकर्माको छोरा, मोरङ्ग जिल्ला, पथरी शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **ऋयुगेश गदाल (ना.प्र.प.नं.: ०५-०२-७७-००२३७, मोरङ्ग )**

**धितोमा रहेको सम्पतिको विवरण**

**कर्ण बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला बयरवन गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १२४६ र ९९७ को क्रमश: क्षेत्रफल ०-०-८-० र ०-२-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०६/०६ मा दर्ता नं. ३४२३४/०७७/७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, कानेपोखरी गा.पा. वडा नं. ३, स्थित **गंगा ट्रेडर्स सप्लायर्स** **प्रोप्राइटर: ऋचा चौधरी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बिलट चौधरीको बुहारी, राम देब चौधरीको पत्नी, मोरङ्ग जिल्ला, बयरबन गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **गंगा देबी चौधरी (ना.प्र.प.नं.: ३४८०/२७, मोरङ्ग)**

२. बिलट चौधरीको नाति, राम देब चौधरीको छोरा, मोरङ्ग जिल्ला, बयरबन गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **राजेश चौधरी (ना.प्र.प.नं.: ०५२०३३/२१२४२, मोरङ्ग )**

३. बिलट चौधरीको नाति, रामदेव चौधरी थारुको छोरा, मोरङ्ग जिल्ला, बयरबन गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **लखिचन चौधरी (ना.प्र.प.नं.: २६५१, मोरङ्ग )**

४. रामदेब चौधरीको बुहारी, राजेश चौधरीको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **ऋचा चौधरी (ना.प्र.प.नं.: १४२९३ मोरङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

**गंगा देवी चौधरीको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेका मोरङ जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ५२ र ४३६ को क्रमश: क्षेत्रफल ०-९-५-० र १-१५-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**४. ऋणीको विवरण**

प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्ग (विराटनगर) मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०९/०३ मा दर्ता नं. १६११०/०७६/०७७ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, मिक्लाजुङ गा.वि.स./न.पा. वडा नं. ४ स्थित **खाम माया कृषि फर्म** **प्रोप्राइटर: खम माया राई**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. जित मान राईको बुहारी, सुक बहादुर राईको पत्नी, मोरङ्ग जिल्ला, टाडी गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **खम माया राई (ना.प्र.प.नं.: ४५५०, मोरङ्ग)**

२. करवीर सिंह राईको नाति, जित मान राईको छोरा मोरङ्ग जिल्ला, रमिते गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सुक बहादुर राई (ना.प्र.प.नं.: १२२२/१३९, मोरङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **खममाया राईको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, टाँडी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३० र वडा नं. ५ स्थित कित्ता नं. १९० को क्रमश: क्षेत्रफल ९-१४-१-०.५ र ४-१३-१-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **सुक बहादुर राईको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, टाँडी गा.वि.स./न.पा. वडा नं. नं. ३ स्थित कित्ता नं. १५ को क्षेत्रफल १०-१-०-० (रोपनी) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**५. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७७/११/०५ मा दर्ता नं ३५२४६/०७७/७८, स्थानीय व्यापार कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. १ स्थित **माता लक्ष्मी ज्वेलरी** **प्रोप्राइटर: एलिसा घताने**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. ऋषी प्रसाद खातीको बुहारी, सुर्य खातीको पत्नी, मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **एलिसा घताने (ना.प्र.प.नं. ०५-०१-७०-१५७९६, मोरङ्ग)**

२. बाल कृष्ण खातीको नाति, ऋषी प्रसाद खातीको छोरा, तेह्रथुम जिल्ला, ओयाक्जुङ गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सुर्य खाती (ना.प्र.प.नं.: ०८१०२५/६५२७, तेह्रथुम )**

**धितोमा रहेको सम्पतिको विवरण**

**सुर्य खातीको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला बयरवन गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ४३५ र ४५९ को क्रमश: क्षेत्रफल ०-०-१०-० र ०-०-१०-२ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**६. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति:२०७४/१०/१२ मा दर्ता नं. ३०४९४/०७४/७५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. २ स्थित **श्री माई ज्वेलर्स** **प्रोप्राइटर: सुर्य खाती**

**धितोमा रहेको सम्पतिको विवरण**

**एलिसा घतानेको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स. वडा नं ५ स्थित कित्ता नं. ११९३, ११९४ र २१५ को क्रमश: क्षेत्रफल ०-१-१०-०,०-४-१-२ र ०-१-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट: माथि उल्लेखित ऋणी नं. ५ र ६ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।**

**शाखा कार्यालय: लेटाङ्ग, मोरङ्ग**

**ऋणीको विवरण**

यज्ञ निधि धितालको नाति, बालकृष्ण धितालको छोरा, मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ४ स्थित स्थायी ठेगाना भएको **अग्नि प्रसाद धिताल (ना.प्र.प.नं.: ३४४४, मोरङ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बाल कृष्ण धितालको बुहारी, अग्नी प्रसाद धितालको पत्नी, मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ४ स्थित स्थायी ठेगाना भएको **गिता देबि धिताल (ना.प्र.प.नं.: ३४६२, मोरङ)**

२. बाल कृष्ण धितालको नाति, अग्नी प्रसाद धितालको छोरा, मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ६, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ४ बस्ने **कबिन धिताल (ना.प्र.प.नं.: ०५२०५२/२५७८१, मोरङ)**

३. बालकृष्ण धितालको नाति, अग्नी प्रसाद धितालको छोरा, मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ६, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, लेटाङ गा.वि.स/न.पा वडा. नं. ४ बस्ने **रबिन धिताल (ना.प्र.प.नं.: ०५२०५२/६३३, मोरङ)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **अग्नी प्रसाद धितालको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, लेटाङ गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ०-०-१२-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **श्रीमती गिता देवि धितालको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, लेटाङ गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ४५९ को क्षेत्रफल ०-०-१२-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय: बनेपा, काभ्रेपलाञ्चोक**

**ऋणीको विवरण**

हरि प्रसाद दंगालको नाति, झंक प्रसाद दंगालको छोरा, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स./न.पा. वडा नं. १३, स्थित स्थायी ठेगाना भएको **केशव प्रसाद दंगाल (ना.प्र.प.नं ४७०६५/११२३६६, सिन्धुपाल्चोक)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नारायण दत्त दंगालको नाति, हरी प्रसाद दंगालको छोरा, सिन्धुपाल्चोक जिल्ला, फटकसिला गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **झंक प्रसाद दंगाल (ना.प्र.प.नं ५२४/४/८१२३, सिन्धुपाल्चोक)**

२. हरी प्रसाद दंगालको बुहारी, झंक प्रसाद दंगालको पत्नी, सिन्धुपाल्चोक जिल्ला, फटकसिला गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **विष्णु माया दंगाल ( ना.प्र.प.नं ५२५/४/८१२४, सिन्धुपाल्चोक)**

३. हरी प्रसाद दंगालको नाति, झंक प्रसाद दंगालको छोरा, सिन्धुपाल्चोक जिल्ला, फटकशिला गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **शागर नाथ दंगाल (ना.प्र.प.नं १५१६७७, सिन्धुपाल्चोक)**

४. झंक प्रसाद दंगालको बुहारी, केशव प्रसाद दंगालको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, देवभुमि वालुवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सरिता आचार्य (ना.प्र.प.नं ३०-०१-७०-०५४०१, काभ्रेपलाञ्चोक)**

**धितोमा रहेको सम्पतिको विवरण**

**झंक प्रसाद दंगालको** नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, फटकशिला गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १४९३ को जम्मा क्षेत्रफल ३-५-०-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०८१/१०/११ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु पथरी, मोरङ्ग, लेटाङ्ग, मोरङ्ग, बनेपा, काभ्रेपलाञ्चोक र सिन्धुलीबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/१०/१७ गते बिहिबार सार्वजनिक बिदा परेकोले मिति २०८१/१०/१८ गते शुक्रबार कार्यालय समय भित्र शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकको धितोमा रहेको सम्पत्तिको हकमा यस बैंकको शाखा कार्यालय सिन्धुलीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति मिति २०८१/१०/१९ गते शनिबार सार्वजनिक बिदा परेकोले मिति २०८१/१०/२० गते आइतबार दिउँसो ४:०० बजे शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकको धितोमा रहेको सम्पत्तिको हकमा यस बैंकको शाखा कार्यालय सिन्धुलीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु पथरी, मोरङ्ग, लेटाङ्ग, मोरङ्ग, बनेपा, काभ्रेपलाञ्चोक र सिन्धुलीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

आर्थिक विकासका लागि महिला सशक्तीकरणभन्दा प्रभावकारी कुनै उपकरण छैन ।

**- कोफी अन्नान**

सम्पादकीय

# डिजिटल सुरक्षामा चुनौती

नेपालमा साइबर अपराधका घटना बढिरहेका छन् भने डिजिटल सुरक्षामा चुनौती थपिइरहेको छ । इन्टरनेटको प्रयोग र पहुँच व्यापक भएसँगै यसको आपराधिक प्रयोग बढ्दो छ । तर, जुन स्तरमा साइबर अपराध बढेको छ त्यसको अनुपातमा जनचेतना बढाउन र डिजिटल सुरक्षाको प्रविधि बढाउन सकिएको छैन । साइबर अपराधको पछिल्लो र नयाँ खालको घटना हो : आन्तरिक राजस्व विभागको पोर्टलभित्र छिरेर करदाताको विवरण परिवर्तन गर्नु । यसले सरकारी वेबसाइट र डिजिटल सेवाको सुरक्षामा गम्भीर प्रश्न उठाएको छ ।

हरेक देशका वेबसाइट ह्याकरको निसानामा हुन सक्छन् । ह्याकरले अनधिकृत रूपमा बेवसाइटभित्र प्रवेश गरेर डेटा चोरीदेखि विभिन्न अपराध गर्छन् । नेपालमा बारम्बार सरकारी वेबसाइट ह्याक हुने गरेका छन् । तर, यसलाई सरकारले गम्भीरताका साथ लिएर बलियो सुरक्षा प्रणाली बनाउने र यस्तो प्रणालीका लागि लगानी बढाउने काम पर्याप्त मात्रामा गर्न सकेको छैन । कहिले नेपाल दूरसञ्चार प्राधिकरणको वेबसाइटभित्र छिरेको, कहिले सरकारी कार्यालयका वेबसाइट ह्याक गरी डाउन गरिएको जस्ता घटना बारम्बार भइरहेका छन् । केही समयअघि अध्यागमन कार्यालयको वेबसाइटमा प्रवेश गरी सर्भर डाउन गराउँदा राहदानी वितरण कार्यक्रम नै स्थगित गर्नु परेको थियो । अहिले डिजिटल सुरक्षामा निकै चुनौती थपिएको छ । यसको सुरक्षाका लागि डेटा भण्डारणहरू राख्ने, त्यसमा बलियो फायरवालहरू राख्ने जस्ता कार्यमा निकै खर्च गर्ने गरिएको छ । तर, नेपालमा भने आफ्नो डेटा सुरक्षित रहेको, कुनै सूचना चोरी नभएको नोक्सान नभएको जस्तो प्रतिक्रिया दिएर सरकार पानीमाथिको ओभानो बनिरहेको छ । यस्तो ढाकछोप गर्दै जाँदा भोलिका दिनमा निकै ठूलो समस्या नआउला भन्न सकिँदैन किनभने अहिले सरकारी सेवा, वित्तीय सेवादेखि हरेकजसो सेवा डिजिटल वा अनलाइन भइरहेका छन् । सेवाग्राहीको बढी भीड हुने सरकारी कार्यालयका वेबसाइट भीडभाड देख्नेबित्तिकै किन डाउन हुन्छन् भन्ने कुराको खोजी गरी समाधान नगरिए कुनै पनि बखत डेटा चोरीदेखि अन्य ठूलो डिजिटल अपराध हुन सक्छन् ।

**धेरैजसो अपराध प्रणाली नै बिगारेर भएको पाइँदैन । त्यसो हुँदा नेपालको डिजिटल प्रणाली कत्तिको बलियो छ भन्न सक्ने अवस्था देखिँदैन । त्यसलाई बलियो बनाउन सरकारले विशेष नीति ल्याउन जरूरी देखिन्छ ।**

डेटा चोरी, ह्याकिङ, फिसिङ, मालवेयर, डिस्ट्रिब्युटेड डिनायल अफ सर्भिस आक्रमणजस्ता तरिकाबाट साइबर अपराध हुने गरेका छन् । साइबर अपराध भन्नेबित्तिकै वित्तीय अपराध बढी हुन्छन् । अहिले डिजिटल कारोबार बढेसँगै यस्तो अपराध बढ्दो छ । यसलाई रोक्न सरकारले विद्युतीय कारोबार ऐन पनि ल्याएको छ । तर पनि यस्तो अपराध जानेर वा नजानेर बढ्दो छ ।

आन्तरिक राजस्व विभागको पोर्टलभित्र छिरेर वित्तीय विवरण बिगारिदिएको घटनामा विभाग र सेवाग्राही दुवैको कमजोरी देखिन्छ । सेवाग्राहीले अनलाइन सुविधा लिएपछि त्यसको पासवर्ड गोप्य राख्नु, सुरक्षित पासवर्ड बनाउनु र बारम्बार पासवर्ड परिवर्तन गरिरहने गर्नुपर्छ । अनुमान गरेर मिलाउन सकिने खालको पासवर्ड राख्नु हुँदैन । त्यसो भएमा अरूले पत्ता लगाएर त्यसको दुरुपयोग गर्ने सम्भावना हुन्छ । त्यस्तै आन्तरिक राजस्व विभागले पनि जोसुकैले अर्कोको आईडी लिएर अनुमानको भरमा हान्दा पासवर्ड मिल्ने र भित्र छिर्न पाउने व्यवस्था रोक्नुपर्छ । यसमा ग्राहक पहिचानका विविध तहको व्यवस्था मिलाउनु पर्छ । इमेल वा फोनबाट प्रमाणीकरण गर्ने, पटकपटक पासवर्ड राख्न खोजेमा त्यसलाई शंका लिएर प्रवेशमा रोक्ने, सजिलो पासवर्ड स्वीकार्य नहुने, निश्चित कारोबारपछि पासवर्ड परिवर्तन गर्न लगाउने जस्ता काम विभागले गर्नुपर्ने देखिन्छ जुन विभिन्न संस्थाले गरिरहेका पनि छन् । त्यस्तै प्रायः नयाँ सेवाग्राही बनाउँदा दिइने युजर नेमको प्याटर्न उस्तै नहोस् भन्नेमा पनि ध्यान जानुपर्छ । अहिले विभागले आफ्नो दोष छैन भनेको छ तर त्यसरी विभागले उन्मुक्ति पाउँदैन ।

डिजिटल सेवा दिँदा त्यसको सुरक्षासम्बन्धी कुरा सिकाउने काम सेवाप्रदायकको पनि हो । त्यसलाई सतर्कताका साथ उपयोग गर्नु सेवाग्राहीको कर्तव्य हो । त्यसैले यी दुवै पक्षले पर्याप्त सतर्कता अपनाउन आवश्यक छ । धेरैजसो अपराध प्रणाली नै बिगारेर भएको पाइँदैन । त्यसो हुँदा नेपालको डिजिटल प्रणाली कत्तिको बलियो छ भन्न सक्ने अवस्था देखिँदैन । त्यसलाई बलियो बनाउन सरकारले विशेष नीति ल्याउन पनि जरुरी देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## सुनकर्जा घटाउन लगानीमैत्री वातावरण

नेपाली बैंक तथा वित्तीय संस्थाले सुन धितोमा दिने कर्जामा उच्च वृद्धि गरेका छन् । उद्योगधन्दामा कर्जा दिनभन्दा प्रक्रियागत भन्झट र जोखिम दुवै कम हुने भएपछि बैंकले सुनचाँदी धितोमा कर्जा बढाउनु स्वाभाविक पनि हो । किनभने बैंक तथा वित्तीय संस्थाहरूले लगानीका लागि अहिले कम जोखीम हुने र बढी प्रतिफल प्राप्त हुने क्षेत्र देखिएको छैन । त्यसो हुँदा बैंकहरूले सजिलो बाटो रोजेका हुन् । अर्कातिर, यसले सुनचाँदीमा लगानी गर्ने र त्यही सुन बैंकमा धितो राखेर पुनः कर्जा लिने क्रम बढेकोतर्फ पनि संकेत गर्छ । वास्तवमा सुनमा भएको लगानी व्यक्तिका लागि लाभदायक भए पनि समाजका लागि उत्पादनमूलक नहुने हुँदा त्यसले अर्थतन्त्रमा त्यति ठूलो लाभ दिँदैन । पछिल्लो समय मुलुकमा उत्पादनमूलक क्षेत्रमा नयाँ लगानी हुन सकेको छैन । नेपाल राष्ट्र बैंकले कृषि र जलविद्युत् क्षेत्रमा लगानी बढाउन बैंकहरूलाई निर्देशन दिएको छ ।

**(सम्पादकीयबाट)**

**वर्ष ८, अंक ८५, बिहीवार २८ मङ्सिर, २०६९**

# ट्रम्पको पुनरागमनले तरंगित विश्व अर्थराजनीति

## कूटनीतिक क्षमता उपयोगमा चुक्दै नेपाल


अमेरिकाको सत्तामा डोनाल्ड ट्रम्पको पुनरागमनसँगै विश्वको अर्थराजनीतिमा अब के हुने हो भन्ने आशंका उत्पन्न भएको छ । उनले शपथ लिएसँगै आफ्ना अधिकारीहरूलाई हालका व्यापार सम्झौताहरूको समीक्षा गर्न आदेश दिएका र अमेरिकाका व्यापार साझेदारहरूबाट भएका अनुचित अभ्यासहरूको पहिचान गर्न निर्देशन दिएका समाचार अन्तरराष्ट्रिय समाचारमाध्यमहरूमा आएका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले आउँदो फेब्रुअरी १ देखि चीनबाट आयात हुने सामानको आयातमण १० प्रतिशत शुल्क लगाउनेबारे सोच सार्वजनिक गरेसँगै ट्रम्पकालमा चीनसँगको पुरानै व्यापार युद्ध थप चर्किने सम्भावना देखिएको छ । चुनावी अभियानका क्रममा ट्रम्पले चिनियाँ मालवस्तुको आयातमा ६० प्रतिशतसम्म शुल्क लगाइदिने बताएका थिए । अघिल्लो कार्यकालमा ट्रम्प चिनियाँ सामानको आयातमा उच्चदरको शुल्क थपिदिएका थिए । त्यसको जवाफमा चीनले पनि अमेरिकबाट आयात हुने वस्तुमा कर थपिदिएको थियो । जसले यी दुई आर्थिक शक्तिबीच व्यापार युद्ध उत्कर्षमा पुगेको थियो । यतिखेर ट्रम्पले मेक्सिको र क्यानडाबाट भित्रिने मालसामानमाथि पनि २५ प्रतिशतले आयात कर लगाउने चेतावनी दिइरहेका छन् । सँगै उनले यूरोपेली संघका देशबाट आउने सामानमा समेत आयात शुल्क लगाउने वाचा गरेका छन् ।

ट्रम्पका पछिल्ला अभिव्यक्ति र निर्देशनहरूले उनले अमेरिकालाई आधार बनाएर सञ्चालित उद्योगधन्दामैत्री नेताको रूपमा अघि बढे पनि यसले वैश्विक व्यापारमा नकारात्मक असर पुग्ने चिन्ता प्रकट भइरहेको छ । चीनमै पनि अमेरिकी लगानीमा थुप्रै उद्यम सञ्चालनमा रहेकाले ट्रम्पले लिएको नीतिले अमेरिकाको लगानी रहेका ती उद्योगको लगानीमा समेत नकारात्मक असर पुग्ने सम्भावना पनि देखिएको छ । ट्रम्पले अमेरिकी सत्ता सम्हालेसँगै अन्य पश्चिमा र मध्यपूर्वका देशसँगको अर्थराजनीतिक सम्बन्ध कस्तो होला र यसले विश्वको अर्थराजनीतिमा केकस्तो असर पार्ला भन्नेबारेमा अहिले विश्वको ध्यान केन्द्रित भएको अवस्था छ ।

ट्रम्प अमेरिकाको स्वार्थलाई अग्रभागमा राखेर प्रशासन अघि बढाउने नेताका रूपमा चिनिएका छन् । अमेरिका, त्यसमा पनि त्यहाँका रैथानेको पक्षमा काम गर्ने नेताको रूपमा छवि बनाएका ट्रम्पको अघिल्लो कार्यकालमा समेत चीनसँगको व्यापार युद्धदेखि निकट छिमेकीसँगको सम्बन्ध, बहुपक्षीय निकाय र जलवायु परिवर्तनसम्बन्धी सम्झौताका बारेमा दिएको अभिव्यक्तिले आशंका निम्त्याएको थियो, जो ट्रम्पको अहिलेको कार्यकालमा पनि निरन्तरता पाउने सम्भावना देखिएको छ । यसअघिको ट्रम्प प्रशासन विश्वका अन्य देशका लागि अनुदार र आत्मकेन्द्रित देखिए पनि अमेरिकी स्वार्थका सवालमा सकारात्मक रहेको समीक्षा गरिएको थियो ।

अमेरिका आत्मकेन्द्रित उपायमा उत्रिइरहँदा ट्रम्पले शुल्क बढाउने निशानामा राखेका अन्य देशले त्यसको प्रतिवाद गर्ने र त्यसबाट अमेरिकी उत्पादन पनि अप्ठयारोमा पर्न सक्ने सम्भावनालाई अर्थशास्त्रीहरूले औंल्याएका छन् । चीनले व्यापार युद्धमा अगाडि नबढ्न ट्रम्पलाई सचेत गराएको छ भने क्यानडाका प्रधानमन्त्रीले त ट्रम्प आयातमा शुल्कको रणनीतिमा अगाडि बढेमा जवाफी शुल्क लगाइदिने चेतावनी दिएको सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । ट्रम्पको योजनाले अमेरिकामा उच्च स्तरको मूल्यवृद्धि र अमेरिकी उद्योगहरूलाई बाह्य अवरोधहरूको सामनाको जोखिम पनि औंल्याइएको छ ।



**आजको विश्व आफ्नो हितलाई सर्वोपरि ठानेर त्यसअनुसारका नीति र रणनीतिमा अघि बढेको अवस्थामा हामी भने एउटा छिमेकीलाई देखाएर अर्कोलाई साइजमा राख्न खोज्ने कच्चा कूटनीतिमा अघि बढेका छौं ।**

**- उमेशचन्द्र ठाकुर**

यसरी आजको विश्व आफ्नो हितलाई सर्वोपरि ठानेर त्यसअनुसारका नीति र रणनीतिमा अघि बढेको अवस्थामा हामी भने एउटा छिमेकीलाई देखाएर अर्कोलाई साइजमा राख्न खोज्ने कच्चा कूटनीतिमा अघि बढेका छौं । हालै एउटा संस्थाले वीरगञ्जमा अन्तरक्रिया आयोजना गरेको थियो । त्यो अध्ययन प्रतिवेदन सार्वजनिकको नाम दिइएको कार्यक्रमको उद्देश्य नेपालमा चिनियाँ लगानीका जोखिमहरूलाई केलाउने देखिएको थियो । चीनले नेपालमा हुने सबैखालका आर्थिक साझेदारीका संलग्नतालाई बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) फ्रेमवर्कमा समावेश गर्न खोजेको र यसले नेपाललाई ऋणको जालोमा पार्न सक्ने भन्दै चिन्ता प्रकट गरिएको थियो ।

**भारत र चीन दुवैलाई आआफ्नो समृद्धिका लागि एकअर्काको साथ चाहिन्छ भन्ने त्यहाँको कूटनीतिले राम्ररी आत्मसात् गरेको छ । हामो कूटनीतिले बुझ्न नसकेको तथ्य यही हो । हाम्रो कूटनीतिक शक्ति त आर्थिक सहकार्य होइन, सत्ता निर्माण र विघटनको समर्थनको ध्येयमा खर्च भइरहेको छ ।**

अबको विश्वको अर्थतन्त्र अमेरिका, चीन र भारतको मुख्य प्रतिस्पर्धा, त्यसका सकारात्मक र नकारात्मक प्रभावबाट अघि बढ्ने निश्चित भइसकेको अवस्थामा हामी चीन र भारतजस्ता आर्थिक शक्तिको बीचमा रहनु सम्भावनामात्रै नभएर उचित तरीकाले कूटनीति परिचालन गर्न नसक्ने हो भने यो गम्भीर जोखिमको विषय पनि हो । अबको केही वर्षमा चीनले अमेरिकालाई उछिन्दै विश्वको एक नम्बर अर्थतन्त्र बन्ने प्रक्षेपण गरिएको छ । त्यसबेला अमेरिकालाई भारतले समेत पछि पार्ने भन्दै अमेरिका त्यो अवस्थामा ३ नम्बरमा झर्ने अनुमान सार्वजनिक भइरहेको छ । अमेरिकाको अहिलेको आयातमा शुल्क लगाउने रणनीति चीनलाई आर्थिक शक्तिका रूपमा अघि बढ्नबाट रोक्ने उद्देश्यबाट अघि आएको हो भन्दा अत्युक्ति हुँदैन ।

भोलिका दिनमा अमेरिका र भारतबीच पनि यो प्रतिस्पर्धा हुन सक्छ । यो अवस्थाका कारण पनि अमेरिकाले चीन र भारतको बीचमा रहनुका कारण नेपाललाई भूराजनीतिक संवेदनशीलतासँग जोडेर हेर्न सक्छ । अहिले नेपालमा कार्यान्वयनमा रहेको एमसीसी उसको यो क्षेत्रमा उपस्थिति विस्तारको उपायसँग जोडिएको आशंका आवश्यक छैन । चीन र भारतका पनि आआफ्नै अभिप्राय हुन सक्छन् । छिमेकी र विकास साझेदारहरूका आआफ्नै रुचि हुन्छन, त्यसलाई अस्वाभाविक भन्न सकिँदैन । तर, ती रुचिलाई उचित तरीकाले सम्बोधन गर्दै कसरी आफ्नो हितका रूपान्तरण गर्ने भन्ने मूल कुरा हो । हामी यो मामिलामा चुकिरहेका छौं ।

छिमेकी र शक्ति राष्ट्रका सरोकारहरूलाई उचित तरीकाले सम्बोधन गर्दामात्रै नेपालले अपेक्षित समृद्धि हात पार्न सक्ने स्पष्ट छ । तर, हामी कूटनीतिमा कतिसम्म कमजोर छौं भने पहिला एक खालको सम्झौता गर्छौं, त्यसअनुसार योजना सम्पन्न भइसकेपछि अनेक कुरा गरेर कूटनीतिक कमजोरी प्रदर्शन गर्छौं । उदाहरणका रूपमा पोखरा विमानस्थललाई नै लिऊँ, शुरूमा चीनको ऋण सहयोगमा बनाउने शर्त स्वीकार गरियो । विमानस्थल निर्माण भइसक्यो, अपेक्षित व्यापार पाएको छैन । अहिले आएर त्यो ऋण होइन, अब त्यसलाई अनुदान बनाइदेऊ भनिरहेका छौं । पहिला बीआरआईमा सम्झौता गरेर आयौं, दशक बितिसक्दा पनि कार्यान्वयनमा आउन सकेको छैन । यसबीचमा उच्चस्तरीय भ्रमणमा सयको हाराहारीमा सम्झौता भए होलान्, तर ती कुनै पनि कार्यान्वयनको दिशातर्फ सन्तोषजनक तरीकाले अघि बढेको उदाहरण छैन । यता एमसीसीकै कुरा लिऊँ, कार्यान्वयन यति गिजोलियो कि, यसमा चिनियाँ रुचिसमेत घुस्यो । यो अनुदान सहयोगको विषय अमेरिकाका लागि प्रतिष्ठाको विषय बन्न पुग्यो, अन्तिममा अमेरिकी उच्च अधिकारीहरूको चर्कै दौडधूप र दबाब सतहमा देखियो । अहिले योजना कार्यान्वयनमा छ । तात्पर्य, जे गर्नुपर्ने हो, त्यसमा पहिले नै पर्याप्त गृहकार्य गर्नुपर्छ । सम्झौता गरिसकेपछि अनेकथरी कुराबाट विषयान्तर गर्दा हाम्रो कूटनीतिक साख कमजोर देखिन्छ ।

चीनले आफ्नो वैदेशिक नीतिको अभिन्न अंगका रूपमा अघि बढाएको बीआरआईमा अहिले ऋण स्वीकार गर्न नहुने कुरा पनि आइरहेको छ । चीनले नेपालले उपलब्ध गराउने भनिएको १ खर्ब रुपैयाँबराबरको अनुदानसमेत नआएको र त्यसलाई प्राथमिकतामा राखी ल्याइनुपर्ने मत राख्नेहरू पनि छन् । यो त सरकारी प्रतिबद्धताको कुरा हो । केही वर्षअघि नेपालमा भएको लगानी सम्मेलनमा घोषणा भएको १४ खर्ब रुपैयाँ प्रतिबद्धतामध्ये ९ खर्ब रूपैयाँजति त चिनियाँ लगानीकर्ताको थियो । त्यो लगानी किन आउन सकेको छैन ? हामीले लक्ष्यमा राखेको आर्थिक विकासका लागि निजीक्षेत्रको लगानीको उच्च खाँचो रहेको सन्दर्भमा यसलाई हामीले लगानीकर्ताको दृष्टिकोणबाट कहिल्यै विचार गरेका छौं ? छैन ।

आजको वैदेशिक लगानीको आँकडा हेर्दा भारत अग्रस्थानमा छ । भारतबाहेकका देश हामीकहाँ किन इच्छुक छैनन् ? आएका लगानीकर्ता पनि किन पछि हटिरहेका छन् ? यसमा हामीले आफ्नो कूटनीतिक उपायलाई उपयोग किन गरिरहेका छैनौं ? कूटनीतिक रूपमा हामी कतिसम्म कमजोर छौं भने एउटै आयोजना भारत र चीन कुन देशका लगानीकर्तालाई दिने भन्ने निर्णय सरकार फेरिएपिच्छे फेरिन्छ । हाम्रो परराष्ट्र नीति के हो भन्नेमै हामी स्पष्ट छैनौं भने कसरी अरू देशलाई विश्वासमा लिएर उनीहरूको रुचिलाई आफ्नो राष्ट्रिय स्वार्थमा उपयोग गर्न सकिन्छ ? आज कुन देशको कस्तो सहयोग स्वीकार गर्ने किन नगर्ने भन्दा पनि मूल प्रश्न यो हो ।

हामीकहाँ अहिले सबैभन्दा लगानीको ठूलो क्षेत्रका रूपमा जलविद्युत्लाई लिइन्छ । कृषि पनि लगानीको सम्भाव्य क्षेत्र हो । तर, भारतीय व्यापार नीतिले भारतबाहेकका अन्य देशका लगानीकर्तालाई प्रोत्साहित गरेको छ कि छैन ? यसमा विचार पुऱ्याउन आवश्यक किन ठानिएको छैन ? आज भारतबाहेकका अन्य देशको लगानीमा उत्पादन भएकै आशंकामा नेपाली उत्पादनले भारतीय बजार प्रवेशमा अनेक खालका अवरोधहरूको सामना गरिरहनुपरेको अवस्थामा अन्य देशको सहयोग र लगानी सहज रूपमा आउँदैन । हामी मौकाअनुसार भारत र चीनतिर ढल्किएर कूटनीति अघि बढाउँछौं, तर यी दुई अर्थतन्त्रका आआफ्नै रुचि र स्वार्थ भए पनि आफैमा व्यापार साझेदार हुन् र एकअर्काको साथ चाहन्छन् भन्ने तथ्यलाई बिर्सिन खोज्छौं । भारतले नाकाबन्दी लगाउँदा चीनबाट इन्धन ल्याउने ठूलै योजना बन्यो, तर चीनले केही लिटर अनुदानको तेलबाहेक व्यापारको हात किन बढाएन ? नेपालसँगको सानो परिमाणको व्यापारका लागि चीन भारतसितको व्यापार सम्बन्ध बिगार्न चाहँदैन । भारत र चीन दुवैलाई आआफ्नो समृद्धिका लागि एकअर्काको साथ चाहिन्छ भन्ने त्यहाँको कूटनीतिले राम्ररी आत्मसात् गरेको छ । हामो कूटनीतिले बुझ्न नसकेको तथ्य यही हो । हाम्रो कूटनीतिक शक्ति त आर्थिक सहकार्य होइन, सत्ता निर्माण र विघटनमा समर्थनको ध्येयमा खर्च भइरहेको छ । आर्थिक साझेदारीका सवाल र सरोकारहरूलाई समेट्दै यसको सम्बोधनको सामर्थ्य राख्दामात्रै आपसी हितकेन्द्रित वैश्विक सम्बन्धबाट लाभ लिन सम्भव हुनेछ, अन्यथा यो भाषण र वक्तव्यबाजीबाहेक अरू केही पनि सावित हुने छैन ।

*ठाकुर वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

पाठक पत्र

# निजामती सेवा विधेयकमा संसद्मा सघन छलफल होला ?

अहिले संघीय संसद्मा निजामती सेवा विधेयक छलफलमा छ । यसको पक्ष र विपक्षमा निकै बहस भइरहेका छन् । यसका अन्तर्वस्तु केलाउने काम पनि भइरहेको छ । बाहिर जसरी छलफल भइरहेको छ त्यसैगरी सांसदहरूले पनि अध्ययन गरिरहेका होलान् त ? विगतका संसदीय अधिवेशनमा समेत यो छलफलमा थियो । अहिले जसरी नै विगतमा विधेयक छलफलमा थियो पारित भएन यसपालि समेत छलफलमा छ । संसद्को चालू अधिवेशन बजेट अधिवेशन अगाडि समाप्त हुनेछ तर यो विधेयकले ऐनको रूप पाउने छाँटकाँट देखिँदैन ।

संघीय संरचनाअनुरूप निजामती सेवाको संचालनका लागि संघीयता कार्यान्वयन भएको झन्डै १ दशक पुगेको छ । संघीयता कार्यान्वयनको लागि संसद्ले तर्जुमा गरी कार्यान्वयनमा लैजानुपर्ने केही महत्त्वपूर्ण कानूनमध्ये यो पनि एक हो । संघीय निजामती सेवासम्बन्धी नयाँ कानून जारी नहुनुमा दोष जसलाई दिए पनि यो विधायिका अकर्मण्यताको परिणामबाहेक अरू केही होइन ।

संघीय निजामती सेवासम्बन्धी कानून संघीयताको कार्यान्वयन पश्चात सरकारी सेवालाई संघीयताअनुरूप व्यवस्थापन गरी अहिलेको भन्दा बढी प्रभावकारी बनाउन उक्त सेवामा कार्यरत कर्मचारीको परिचालन, सेवा शर्तको सुरक्षा र उनीहरूको व्यवस्थापन सम्वन्धी कानूनबाहेक अरू केही होइन । निश्चित रूपमा यसले उल्लिखित दुई कुरा संघीयतामा प्रशासनिक संयन्त्रको कुशलतापूर्वक परिचालन र कर्मचारीको सुविधासहितका सेवा शर्तको व्यवस्थापनमा ध्यान दिन्छ ।

विधेयकका प्रावधान सामान्य रूपमा यिनै माथि उल्लिखित दुई विषयप्रति केन्द्रित छन् । सरकारी सेवालाई जनताप्रति प्रतिबद्ध बनाउन, कर्मचारीमा कामप्रति जिम्मेवार र जवाफदेही बनाउन, सेवा प्रवाह प्रणालीलाई नागरिकमैत्री बनाउँदै कर्मचारीलाई राष्ट्रका वास्तविक सेवकको रूपमा स्थापित गर्न निजामती सेवा ऐनबाहेक राज्यका अन्य कानूनहरूको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ र त्यस अनुकूल राजकीय व्यवहारहरू परिवर्तन हुनुपर्छ भन्ने विषयमा सबैले हेक्का राख्न जरुरी छ ।

साथसाथै, संघीय निजामती सेवा ऐनले प्रदेश र स्थानीय तहका सरकारी सेवाका लागि कानूनी आधार तयार गर्ने, संघीय निजामती सेवासँग प्रदेश र स्थानीय तहको सम्बन्ध र सीमा निर्धारण हुने, प्रदेशका माथिल्ला तहका कर्मचारी र स्थानीय तहका प्रमुख पदाधिकारीहरूको सम्बन्धमा हुने व्यवस्था निर्क्यौल हुने, सार्वजनिक संस्थान एवं अन्य सरकारी सेवाका लागि मार्गदर्शक कानूनी व्यवस्थासमेत यसै ऐनले गर्ने हुँदा यसको सर्वपक्षीय महत्त्व छ ।

संघीय निजामती सेवासम्बन्धी कानूनको अभावमा नेपालको सार्वजनिक प्रशासन तदर्थवादी कानूनको आधारमा सञ्चालित छ । प्रदेश तह र स्थानीय तहले संघीय निजामती कानूनसँग आफ्नो कानूनलाई समाञ्जस्य बनाउन पाएका छैनन् । यी तहको प्रमुख पदाधिकारीको संघबाट हुने व्यवस्थापनप्रति यिनीहरूले अपनत्व लिएका छैनन् । कर्मचारी समायोजन ऐनबमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको वृत्तिपथ स्पष्ट छैन । समायोजन भएका कर्मचारीहरूको अवकाश पछिको सेवासुविधा व्यवस्थापनमा अन्यौल कायमै छ । समायोजनको सम्वन्धमा अदालती फैसलाले केही सेवाका कर्मचारीको समायोजन प्रक्रिया नै पुनः गर्नुपर्ने परिस्थिति निर्माण भएको छ ।

संसद्मा यो विधेयक पेश भएसँगै निजामती क्षेत्रमा संघीय कानूनविहीनताको अवस्था अन्त्य होला भन्ने आशाको सञ्चार भने भएको छ । विधेयकका प्रावधान सेवालाई संघीय स्वरूपबाट व्यवस्थापन गर्नेगरी विद्यमान निजामती सेवा ऐन, २०५५ मा गरिएको अभिवृद्धिवादी नीतिसोच भन्दा खासै पृथक् छैन । हुन पनि नेपालको निजामती क्षेत्रको व्यवस्थापनका लागि हाल कार्यान्वयनमा रहेको कानूनी व्यवस्था खासै प्रत्युत्पादक पनि छैन । निजामती सेवा ऐन तथा नियमावलीमा भएका एकीकृत निजामती सेवाको व्यवस्था, सरुवा व्यवस्थापन, वृत्ति विकास, कर्मचारी मूल्यांकन, आवधिक रूपमा स्वचालित प्रणालीअनुसारको तलब सुविधा व्यवस्थापन, सेवाको शर्तमा भएका परिवर्तनलगायत विषय कार्यान्वयन भएका छैनन् । यहाँ समस्या नीतिगत व्यवस्थाको होइन, नीतिगत विषयहरूको कार्यान्वयन गर्न नसक्ने शासकीय प्रवृत्तिको हो । आफ्ना लागि तर्जुमा भएको कानूनी व्यवस्थाको समेत कार्यान्वयन गर्न नसक्ने सार्वजनिक प्रशासनले जनताका लागि तर्जुमा भएका नीतिहरूको कसरी प्रभावकारी कार्यान्वयन गर्छ ? यो नागरिक तहबाट सृजना हुने प्रश्नसमेत हो ।

पछिल्लोपटक संसद्मा यो विधेयक पेश भएपछि यसको सम्बन्धमा विभिन्न कोणबाट विश्लेषण भएका छन् । यसमा १५०० हाराहारीका संशोधन पेश भएका छन् । संशोधनका प्रस्तावलाई मिहीन ढंगबाट विश्लेषण गर्दा तथ्यपरक ढंगले पेश भएका संशोधन नगन्य छन् । आजको विश्व परिवेशमा विश्लेषण गर्दा निजामती सेवा योग्यतामूलक प्रणालीमा आधारित गैरराजनीतिक तलबी कर्मचारीको संयन्त्र रहेको बुझ्नु जरुरी छ । सेवा प्रवाह प्रणालीमा सुधार ल्याउन विश्वस्तरीय अभ्यासहरूको अवलम्बन नगर्ने, कर्मचारीलाई जीवन निर्वाहयोग्य तलब सुविधाको व्यवस्था नगर्ने, इमानदारीको परिधि आफ्नो राजनीतिक चरित्रसँग मेल खाएमा राम्रो नखाएमा नराम्रो भन्ने संस्कारले निजामती सेवालाई अव्यावसायिक कर्मचारीको झुन्डको रूपमा परिभाषित गर्न कदापि सुहाउँदैन । निजामती सेवालाई जतिसुकै तिरस्कार गरे पनि यसमा अन्तरनिहित विशेषताबाहेकका विशेषतायुक्त संगठन व्यवस्थापनका कुनै पनि सिद्धान्तले निर्माण गर्न सकेको छैन । यसबाट के देखिन्छ भने कुनै पनि संगठन आफैमा राम्रो नराम्रो हुँदैन । यसको परिचालनमा अवलम्बन गरिएको पद्धतिले यसलाई राम्रो या नराम्रो बनाउँछ ।

निजामती सेवाले शासनको जनतामा डेलिभरी दिन्छ । यसको क्रियाशीलतामा सरकारको प्रभावकारिता निर्भर हुन्छ । सरकारी सेवालाई नागरिकप्रति प्रतिबद्ध बनाउन विगतमा केकस्ता काम भए र ती काममा विगतको निजामती सेवा ऐन र नियमावली कहाँ कहाँ र कसरी बाधक बन्यो त्यो कुराको विश्लेषण आवश्यक छ ।

विसं २०४८ सालमा कर्मचारीले आन्दोलन गरे । केही कर्मचारीलाई कारबाही स्वरूप जागीरबाटै निकालियो । पछि केही कर्मचारी थमौतीमा परे । कसैले थमौतीको जागीर स्वीकार गरेनन् । त्यस सन्दर्भमा तत्कालीन सरकारले कर्मचारीलाई व्यावसायिक संयन्त्रको रूपमा विकास गर्नुभन्दा राजनीतिक पक्षधरताको आधारमा कर्मचारी उपर व्यवहार गऱ्यो । दोस्रो जनआन्दोलनमा शाही सरकारले आन्दोलनमा लाग्ने कर्मचारीलाई जागीरबाटै बर्खास्त गर्ने क्रियाकलाप स्वरूप निर्णय नै गऱ्यो । तर, आन्दोलन सफल भएकाले त्यो निर्णय कार्यान्वयन नभई तुहियो ।

त्यसपछि राजनीतिक दलले कर्मचारीमा ट्रेड युनियनको अधिकारलाई स्थापित गराउने आन्दोलनको क्रममा दिएको वाचा अनुसार निजामती सेवा ऐनमा संशोधनमार्फत ट्रेड युनियन अधिकार दिए । वास्तवमा नेपालका राजनीतिक दलहरू शासन सत्तामा बसेको कालखण्डमा कर्मचारीमा ट्रेड युनियन अधिकारप्रति अनुदार भएकै हुन् तर आन्दोलनमा जनमानस उतार्ने हतियारको रूपमा कर्मचारी प्रयोग गर्न चाहिँ इच्छुक नै छन् । राजनीतिक अधिकारसहितको ट्रेड युनियन अधिकारका केही सवाल अझै पनि जीवित छन् ।

सत्ता फेरियो तर प्रवृत्ति फेरिएन । शासनमा बस्नेहरू निजामती सेवालाई व्यवहारमा व्यावसायिक संगठन बनाउन कहिल्यै लागेनन् । आफू अनुकूलको सचिव, महाशाखा प्रमुखका साथै स्थानीय तहको प्रमुख रोज्ने परिपाटीलाई कर्मचारीले प्रश्रय दिएको होइन, राजनीतिक नेतृत्वले प्रश्रय दिएको हो । स्वभावैले जागीरे मानसिकता भएकाले कर्मचारीको माथिल्लो तहले अव्यावसायिक चरित्र प्रस्तुत गरी राजनीतिक नेतृत्वको पिछलग्गु भएको हो ।

राजनीतिक नेतृत्व र कर्मचारीबीचको मिलन विन्दु पनि रहेको छ । विगतमा माथिल्ला तहका कर्मचारी राजनीतिक रूपमा विभाजित भएको सार्वजनिक भएको देखिँदैन थियो । माथिल्ला तहका कर्मचारी र राजनीतिक नेतृत्वबीचको संयोजनको काम दलनिकट कर्मचारी संगठनका नेताले गर्थे । तर, आज प्रशासकहरूको राजनीतिक आबद्धता लुकेको छैन । अब नेतालाई कुन प्रशासक आफ्नो कुन अर्काको कसैलाई सोध्नु परेन । नेता र प्रशासकबीच सीधा सम्पर्क भयो । अब दलनिकट ट्रेड युनियनको औचित्य देखिएन । दल निकटको ट्रेल युनियनको जन्मदाता पनि दलहरू नै हुन् । अहिले कर्मचारीका युनियनले दलगत प्रतिबद्धताअनुसार काम गर्न नहुने भनी कर्मचारीलाई ट्रेड युनियन खोल्न नदिने चलखेल दलहरूले नै गरिरहेका छन् । आन्दोलन गर्न कर्मचारी चाहिएन, दल निकट उच्च तहको कर्मचारी खोज्न पनि ट्रड युनियन चाहिएन । त्यही भएर उनीहरू अहिले ट्रेड युनियनको विरुद्धमा एकमत जस्ता देखिएका छन् । के यो समाधान हो त ?

*विजय नेपाल*
*बानेश्वर काठमाडौं ।*

# रियल मड्रिड बन्यो वार्षिक एक अर्बभन्दा बढी यूरो कमाउने क्लब

काठमाडौं । स्पेनिस क्लब रियल मड्रिड वार्षिक एक अर्बभन्दा बढी युरो आम्दानी गर्ने पहिलो फुटबल क्लब बनेको छ। सन् २०२३-२४ को सिजनमा ला लिगा र च्याम्पियन्स लिगको उपाधि जितेको क्लबले वार्षिक १ अर्ब ५० करोड युरो (८८ करोड ३० लाख पाउन्ड) आम्दानी गरेको डेलोइटले जनाएको छ । यससँगै उक्त क्लबले डेलोइटको मनी लिगमा शीर्ष स्थान कायम राखेको छ।

दोस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीले उक्त सिजनमा ७० करोड ८० लाख पाउन्ड आम्दानी गरेको छ । उसले लगातार चौथो पटक प्रिमियर लिग, क्लब विश्वकप र युरोपियन सुपर कपको उपाधि जितेको थियो।

पेरिस सेन्ट जर्मेन (६८१ मिलियन पाउन्ड), म्यानचेस्टर युनाइटेड (६५१ मिलियन पाउन्ड) र बायर्न म्युनिख (६४६ मिलियन पाउन्ड) शीर्ष पाँचमा छन्। एस्टन भिल्ला सन् २०११ पछि पहिलो पटक शीर्ष २० मा प्रवेश गरेको छ । आर्सनल, लिभरपुल, टोटेनहयाम, चेल्सी, न्युक्यासल र वेस्ट ह्यामसहित प्रिमियर लिगका नौ क्लब शीर्ष २० मा छन्। प्रिमियर लिगका थप पाँच क्लब शीर्ष ३० मा परेका छन् । क्रिस्टल प्यालेस, एभर्टन, फुलह्याम र वुल्भ्स २६ देखि २९ औं स्थानमा छन्।

शीर्ष २० क्लबको आम्दानी ६ प्रतिशतले बढेर ९ अर्ब ४७ करोड पाउन्ड पुगेको छ।




रंगशालाको क्षमता, टिकटको मूल्य र प्रिमियम आतिथ्यमा भएको वृद्धिका कारण म्याच-डेको आम्दानी ११ प्रतिशतले बढेर १ दशमलव ७७ अर्ब पाउन्ड पुगेको छ।

रियलले आफ्नो बर्नाबेउ स्टेडियमको जीर्णोद्धारपछि म्याचडे राजस्वमा भएको वृद्धिबाट सबैभन्दा बढी फाइदा उठाएको छ, जुन गतवर्षको तुलनामा दोब्बर हो।

डेलोइट स्पोर्ट्स बिजनेस ग्रुपका लिड पार्टनर टिम ब्रिजले भने, 'मनी लिग क्लबहरूले व्यावसायिक र म्याच-डे राजस्व वृद्धिमा रेकर्ड बनाएका छन्।'

प्रिमियर लिग, स्पेनको ला लिगा, जर्मन बुन्डेसलिगा, फ्रान्सको लिग वान र इटालीको सिरी ए जस्ता पाँच ठूला लिगहरू एउटै घरेलु प्रसारण चक्रमा रहेका कारण कुल प्रसारण आय ३ दशमलव ६४ बिलियन रहेको छ। *बीबीसी*

# उद्यम गर्न चाहनेलाई निर्ब्याजी ऋण

खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाका उद्यमी बन्न चाहने स्थानीयले निर्ब्याजी ऋण पाउने भएका छन् । कृषि, पशुपालन, होमस्टे (घरबास) सञ्चालन लगायतका लघुउद्यम गर्न चाहने स्थानीयका लागि नगरपालिकाले ५ लाख रुपैयाँसम्म ऋण विनाब्याज दिने व्यवस्था मिलाएको हो।

नगरपालिकाका स्थानीय उद्यमीलाई विनाब्याज ऋण उपलब्ध गराउन नगरपालिकाले बुधवार प्रभु बैंकको हलेसी शाखासँग सम्झौता गरेको छ। नगरपालिकाको सिफारिशको आधारमा बैंकले मूल्यांकन गरेर उद्यमी बन्न चाहने स्थानीयलाई विनाब्याज ऋण दिने सम्झौतामा उल्लेख छ।

नगरपालिका भित्रका लघु उद्योगको प्रवर्द्धन गर्दै उद्यम गर्न चाहने स्थानीयलाई आफ्नै ठाउँमा कृषि, पशुपालन, होमस्टेलगायत व्यवसाय सञ्चालन गरेर स्वरोजगार बन्ने वातावरण बनाइदिन नगरपालिकाले ब्याज अनुदान कार्यक्रम ल्याएको

**लगानी अभावमा उद्यम गर्न नसकिरहेका स्थानीय नगरपालिकाकै सिफारिशको आधारमा निर्ब्याजी ऋण पाउने भएपछि उत्साहित भएका छन् ।**

नगरप्रमुख विमला राईले बताइन् । 'उद्यम गर्न चाहने नागरिकका लागि लगानी अभाव नहोस् भनेर ब्याज अनुदान कार्यक्रम ल्याइएको छ । यसका लागि बैंकसँग सम्झौतासमेत गरिसकिएको छ,' उनले भनिन्, 'उद्यमीले बैंकबाट लिएको ५ लाख रुपैयाँसम्म ऋणको ब्याज ३ वर्षसम्म नगरपालिकाले तिरिदिन्छ। यसले लगानी अभावमा उद्यमी बन्न नपाएका नागरिकलाई सहज हुने अपेक्षा गरेछौं।'

उद्यम गर्न चाहने स्थानीयले विनाब्याजको ऋण लिन सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने नगरपालिकाले बनाएको कार्यविधिमा उल्लेख छ। वडा-वडामा संकलन भएको निवेदनलाई समेटेर नगरपालिकाले बैंकलाई सिफारिश गरेपछि उद्यम गर्न चाहने नागरिकले ऋण पाउने हलेसी तुवाचुङ नगरपालिकाका प्रवक्ता एवं वडा नम्बर ७ का वडाध्यक्ष कमल गिरीले जानकारी दिए।

लगानी अभावमा उद्यम गर्न नसकिरहेका स्थानीय नगरपालिकाकै सिफारिशको आधारमा निर्ब्याजी ऋण पाउने भएपछि उत्साहित भएका छन्। नगरपालिकाले गरेको सिफारिशअनुसार निवेदकको धितो मूल्यांकन गरेर बैंकले ऋण प्रदान गर्ने प्रभु बैंक हलेसी शाखाका प्रमुख तीर्थराज विष्टले बताए।

यसैबीच, ११ वडा रहेको उक्त नगरपालिकाले ५ मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहनबापतको रकम वितरण शुरू गरेको छ। *रासस*


बागमती प्रदेश सरकार

खानेपानी,ऊर्जा तथा सिंचाइ मन्त्रालय

**खानेपानी तथा सरसफाई डिभिजन नं. ४**

रामेछाप, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*सूचना प्रकाशित मिति : २०८१/१०/११*

यस कार्यालयको मिति २०८१/०८/२७ गते प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यको लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र पेश गर्ने सम्बद्ध सबैका लागी यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेका नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर/PS बाहेक)रु. |
|---|---|---|---|---|
| १. | Supply/NCB/RCH/07/081/82 | Supply and delivery of HDPE pipe (PE 100 SERIES & NS-40 compliance) for water supply project division NO-4 ,Ramechaap | श्री नेपाल पोली पाईप प्रा.लि. | ४४६५८९७/- |
| २. | Cons/NCB/RCH/08/081/82 | Laying and Jointing of PE 100 HDPE Pipe of Thuli Madhau Samudayik lift WSP | श्री सितादेवी कन्स्ट्रक्सन एंड सप्लायर्स प्रा.लि. | १४००१४६/४० |

डिभिजन प्रमुख


# सूर्यविनायक-धुलिखेल सडक निर्माण तीव्र बनाउन माग

भक्तपुर । अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक–धुलिखेल सडक निर्माण आयोजनाले निर्माणका लागि दैनिक ५ घण्टा सडक बन्द गर्ने तयारी गरेको छ। २०७९ पुस २४ गतेदेखि अरनिको राजमार्गअन्तर्गत भक्तपुरको जगातीबाट साँगासम्म र काभ्रेपलाञ्चोकको साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा एकसाथ आयोजनाले सडक विस्तारको काम शुरू गरेको थियो।

भक्तपुर-धुलिखेल सडकको साँगामा निर्माण कार्य तीव्रगतिमा गर्न भक्तपुर र काभ्रेपलाञ्चोकका नगरप्रमुखहरूले आयोजनासँग माग गरेका छन्। आयोजनाले भक्तपुर र काभ्रेपलाञ्चोकका नगरप्रमुखसामु निर्माणको सिलसिलामा दैनिक ५ घण्टा सडक बन्द गर्न प्रस्ताव राखेपछि नगरप्रमुखहरूले उक्त प्रस्ताव अस्वीकार गरेका छन्।

राजमार्गको सडक दिउँसो अवरुद्ध गर्दा सर्वसाधारणलाई समस्या पर्ने भएकाले विकल्प खोज्नुपर्ने नगरप्रमुखहरूको भनाइ छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अरनिको राजमार्ग विस्तारका क्रममा दिउँसो यातायात अवरुद्ध गर्नु उचित नहुने बताए। निर्माण कार्य रातिमा गर्नु उपयुक्त हुने भन्दै उनले सडक निर्माणका क्रममा वैकल्पिक सडकबारे स्थलगत अध्ययन गर्नुपर्ने र राजमार्ग वरपरका टहरा विनाक्षतिपूर्ति भत्काउनुअघि छलफल गर्नुपर्ने बताए।

आयोजनासँग भएको छलफलमा सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले आयोजनाको काम सुस्त गतिमा भइरहेकामा असन्तुष्टि व्यक्त गर्दै सूर्यविनायक-धुलिखेल राष्ट्रिय गौरवको योजना भएकाले समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिए । जनतालाई समस्या नहुने गरी स्थलगत अवालोकन गरेर मात्र आंशिक रूपमा बाटो बन्द गर्नुपर्ने उनको भनाइ थियो।

धुलिखेल नगरपालिकाका प्रमुख अशोककुमार ब्याञ्जुले सडक निर्माणको काम गर्ने निर्माण व्यवसायीले जनतालाई समस्या नपर्ने गरी गर्नुपर्ने बताए । उनले सडक मर्मत र वैकल्पिक बाटोको व्यवस्था समेत निर्माण व्यवसायी वा सडक विभागले नै गर्नुपर्नेमा जोड दिए। चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले रातिमा सडक निर्माणको काम गर्ने तयारी गर्नुपर्नेमा जोड दिनुभयो । सूर्यविनायक-धुलिखेल सडक ७ दशमलव ५ किलोमिटर विस्तारका लागि ३ अर्ब ८८ करोड रुपैयाँमा ठेक्का सम्झौता भएर काम शुरू गरिएको हो। *रासस*


**लिलाम विक्री सम्बन्धी १५ दिने सूचना**

**प्रकाशित मिति : २०८१/१०/११ गते**

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित विभिन्न शाखाबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले **मिति २०८१/६/१४ गतेको आर्थिक अभियान र मिति २०८१/४/३० गतेको कारोबार दैनिक राष्ट्रिय दैनिक पत्रिकामा** ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तपाई ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको वा धितो रहेको सवारी साधनहरु तपसिलमा उल्लेखित धितो वापत रहेको सवारी साधनहरु तथा अचल सम्पत्ती समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपशिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। साथै यस सूचना बमोजिम धितो लिलाम विक्री हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**धकधई शाखा :**

**१) ऋणी : श्री सिध्दबाबा इलेक्ट्रोनिक एण्ड मर्मत सेन्टर, (प्रो. बिरु हरिजन, ना.प्र.नं. ३७३०११/७७७, जारी मिति २०६३/११/१८, जिल्ला : रुपन्देही)**
फर्म दर्ता नं. १६७ दर्ता मिति २०७५/०५/२१
पान नं. ६०८६४०१२१
फर्मको ठेगाना : देवदह न.पा. वडा नं. १, ६ नं. चोक, रुपन्देही।

**२) ऋणी : श्री बिरु हरिजन, (ना.प्र.नं. ३७३०११/७७७, जारी मिति २०६३/११/१८, जिल्ला : रुपन्देही)**
बाबु : सत्य नारायण हरिजन, बाजे : तमेसर हरिजन
ठेगाना : रोहिणी गा.पा. वडा नं. ६, बोदवार, रुपन्देही

**व्यक्तिगत जमानीकर्ताहरु :**
| ४१ | सनराइज फोकस्ड इक्वीटी फन्ड | १०००००० | ९,१००,०००.०० |
| ४२ | एनआईसि एशिया ग्रोथ फण्ड २ | ७५०००० | ६,३३७,५००.०० |
| ४३ | प्रभु स्मार्ट फण्ड | ५००००० | ५,००५,०००.०० |
| ४४ | एनआईबिएल स्टेबल फण्ड | ५००००० | ४,२२०,०००.०० |
| **(ञ) लगानी तथा अन्य समूह** | | | |
| ४५ | सिईडिबि होल्डिङ्स लिमिटेड | १५८६८ | २५,८४८,९७२.०० |
| ४६ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | ९००० | १३,४८२,०००.०० |
| | **जम्मा** | **४७५३५१७** | **१,११०,५४९,६४३.२०** |

योजना व्यवस्थापक

**सिद्धार्थ क्यापिटल लिमिटेड**
Siddhartha Capital Limited — Investing happiness
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल
फोनः ४५२०९२४,४५२०९२५ फ्याक्सः ४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

कोष प्रबर्द्धक

**सिद्धार्थ बैंक लिमिटेड**
SiddharthaBank
पो.ब.नं.१३८०६, हात्तिसार, काठमाण्डौ, नेपाल
फोन नं. ४४४२९१९, ४४४२९२० फ्याक्स नं. ४४४२९२१
इमेलः sbl@siddharthabank.com
वेबसाइटः www.siddharthabank.com

## सिद्धार्थ म्युचुअल फण्ड
### अन्तर्गतको
## सिद्धार्थ इक्वीटी फण्ड
**(नेपाल धितोपत्र बोर्डबाट योजना संचालन अनुमति प्राप्त मिति २०७४/०५/१४)**
**(योजना समाप्त हुने मिति २०८४/०७/२३)**

### २०८१ पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण

**खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण**

| विवरण | यस मासिक मसान्त | गत मासिक मसान्त |
|---|---|---|
| १ सुचीकृत शेयर | १,३३८,६१६,८७०.८० | १,४४२,४२५,४८९.३० |
| २ बैंक मुद्दती निक्षेप | - | १५,०००,०००.०० |
| ३ ऋणपत्र/बन्ड | ६४,४९२,०००.०० | ६४,४९२,०००.०० |
| ४ सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर | ५४,११७,३५३.७० | ३३,०५४,४५७.४० |
| **जम्मा (क)** | **१,४५७,२२६,२२४.५०** | **१,५५४,९७१,९४६.७०** |
| **ख. चालु सम्पत्ति** | | |
| १ बैंक मौज्दात | २४४,२९५,४७१.८७ | १९४,५९३,४८०.४६ |
| २ अन्य सम्पत्ति | २९,९५८,५९५.२९ | ४,२५३,४७३.४४ |
| **जम्मा (ख)** | **२७४,२५४,०६७.१६** | **१९८,८४६,९५३.९०** |
| **ग. चालु दायित्व** | | |
| १ अन्य दायित्व | ९,५७७,४१२.९३ | २,५४९,१८७.६१ |
| **जम्मा (ग)** | **९,५७७,४१२.९३** | **२,५४९,१८७.६१** |
| **कुल सम्पत्ति (क+ख-ग)** | **१,७२१,९०२,८७८.७३** | **१,७५१,२६९,७१२.९९** |
| योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | - | ४,९७५,५८५.९७ |
| कोष सुपरिवेक्षक शुल्क | - | १३९,११५.९५ |
| **खुद सम्पत्ति** | **१,७२१,९०२,८७८.७३** | **१,७४६,१५५,०११.०७** |
| **जम्मा इकाई** | **१५०,०००,०००.००** | **१५०,०००,०००.००** |
| **प्रति इकाई खुद मूल्य** | **११.४८** | **११.६४** |

**आय व्यय विवरण**

| विवरण | यस मासिक मसान्त रकम (रु.) | गत मासिक मसान्त रकम (रु.) |
|---|---|---|
| १ प्राप्त भइसकेको आम्दानी | १३३,९९३,०५१.०१ | १२२,०५५,८५८.६२ |
| २ प्राप्त भइनसकेको आम्दानी | ६१,०८६,९०९.६८ | ९४,८६९,६०५.५६ |
| **जम्मा आम्दानी** | **१९५,०७९,९६०.६९** | **२१६,९२५,४६४.१८** |
| १ स्टक एक्सचेन्ज दर्ता शुल्क | ५०,०००.०० | ५०,०००.०० |
| २ प्रकाशन तथा अन्य खर्च | २८०,२९४.०९ | २८२,४८३.२५ |
| ३ योजना लेखापरीक्षण शुल्क | ४२,२५८.६२ | ३५,५२५.११ |
| ४ क्रेडिट रेटिङ शुल्क | ११६,०१८.७० | ११६,०१८.७० |
| ५ सिडिएस सूचिकरण शुल्क | १५०,०००.०० | १५०,०००.०० |
| ६ योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | १५,०४७,८०६.४९ | १२,७१३,७८६.७९ |
| ७ कोष सुपरिवेक्षक शुल्क | ४२१,६७४.१० | ३५३,५९२.३५ |
| **जम्मा खर्च** | **१६,१०८,०५२.००** | **१३,७०१,४०६.२०** |
| **कुल आय / (व्यय)** | **१७८,९७१,९०८.६९** | **२०३,२२४,०५७.९८** |

*नोटः*
- सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
- योजनाको २०८१ पौष मसान्तसम्मको सूचिकृत तथा सूचिकृत नभएका शेयर, डिबेन्चर तथा मुद्धती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,५३२,७८०,१४६.५९ रहेको छ ।

**सूचिकृत धितोपत्र (शेयर)मा भएको लगानी विवरण**

| सि.नं. | धितोपत्र | संख्या (कित्ता) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|
| **(क) वाणिज्य बैंक समूह** | | | |
| १ | नेपाल एसबीआई बैंक लिमिटेड | २३९,९६६ | ११०,३८४,३६०.०० |
| २ | एभरेष्ट बैंक लिमिटेड | १५३,४६१ | ८९,१६०,८४१.०० |
| ३ | स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड | १०३,८५३ | ६९,६१२,६६५.९० |
| ४ | एनएमबी बैंक लिमिटेड | २१७,२०२ | ५१,८६७,८३७.६० |
| ५ | सानिमा बैंक लिमिटेड | १६०,८५९ | ४६,८७४,३१२.६० |
| ६ | लक्ष्मी सनराइज बैंक लिमिटेड | ११८,५५८ | २५,१४६,१५१.८० |
| ७ | एनआईसी एसिया बैंक लिमिटेड | ४४,७२० | १६,८८६,२७२.०० |
| ८ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (संस्थापक) | ३०,९२५ | ४,८४९,०४०.०० |
| ९ | सिटिजन्स इन्टरनेशनल बैंक लिमिटेड | १५,६५५ | ३,३०१,६३९.५० |
| **(ख) विकास बैंक समूह** | | | |
| १० | लुम्बिनी विकास बैंक लिमिटेड | ७९,७७६ | ३६,३७७,८५६.०० |
| ११ | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड | ५६,६४१ | २३,०५२,८८७.०० |
| १२ | कामना सेवा विकास बैंक लिमिटेड | ५०,३८२ | २१,८१५,४०६.०० |
| १३ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ४१,२१६ | १५,२०४,५८२.४० |
| १४ | महालक्ष्मी विकास बैंक लिमिटेड | २५,३६६ | ९,३०९,३२२.०० |
| **ग) वित्तिय संस्था** | | | |
| १५ | आइ.सि.एफ.सि. फाईनान्स लिमिटेड | १३,८६५ | ९,०८१,५७५.०० |
| **(घ) लघुवित्त वित्तीय संस्था समूह** | | | |
| १६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ४०,७५७ | ३४,६०२,६९३.०० |
| १७ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०,३६७ | ३४,४५१,०२८.०० |
| १८ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | २७,१७८ | १७,८५५,९४६.०० |
| १९ | फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | १४,१०६ | १७,६१८,३९४.०० |
| २० | नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,१३६ | १६,०५५,९२८.०० |
| २१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८,७५० | ७,०९६,२५०.०० |
| **(ङ) जीवन वीमा समूह** | | | |
| २२ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १०८,८८२ | ६५,६३४,०६९.६० |
| २३ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४६,५७४ | ३२,९५१,१०५.०० |
| २४ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३९,२४३ | ३१,५६७,०६९.२० |
| २५ | हिमालयन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५७,१०० | २५,८०९,२००.०० |
| २६ | सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २३,५११ | १४,३८८,७३२.०० |
| २७ | सुर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि. | २२,५७५ | १०,०२३,३००.०० |
| **(च) निर्जीवन वीमा समूह** | | | |
| २८ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड | ६३,९६९ | ५१,८७८,८५९.०० |
| २९ | प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड | ४७,०९४ | ४५,४३६,२९१.२० |
| ३० | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड | ४५,९७९ | ४१,९३२,८४८.०० |
| ३१ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ४६,४१३ | ३३,३७०,९४७.०० |
| **(छ) हाइड्रोपावर समूह** | | | |
| ३२ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ७३,२७६ | ४४,७७१,६३६.०० |
| ३३ | अपि पावर कम्पनी लिमिटेड | ११८,६७९ | ३१,४४९,९३५.०० |
| ३४ | तेहृथुम पावर कम्पनी लिमिटेड | ४०,९२९ | २१,८५६,०८६.०० |
| ३५ | राधी बिद्युत कम्पनी लिमिटेड | ३०,००० | १०,३८०,०००.०० |
| ३६ | लिबर्टी एनर्जी कम्पनी लिमिटेड | ४९,३७० | १०,१२०,८५०.०० |
| ३७ | घलेम्दी हाइड्रो लिमिटेड | ३९,०३६ | ७,९६३,३४४.०० |
| ३८ | मैलुङ खोला जलबिद्युत कम्पनी लिमिटेड | १२,३७५ | ६,८०६,२५०.०० |
| **(ज) उत्पादन तथा प्रशोधन समूह** | | | |
| ३९ | शिवम् सिमेन्टस् लिमिटेड | ७६,५५९ | ४०,०४०,३५७.०० |
| ४० | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | ५,९५५ | ३२,०३१,९४५.०० |
| ४१ | युनिलिभर नेपाल लिमिटेड | ४७२ | २१,१९२,८००.०० |
| ४२ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ५,७१३ | ४,१७०,४९०.०० |
| ४३ | हिमालयन डिष्टिलरी लिमिटेड | १,३२० | १,५२५,९२०.०० |
| **(झ) होटल्स् तथा पर्यटन समूह** | | | |
| ४४ | चन्द्रागिरी हिल्स लिमिटेड | २०,००० | १७,६६०,०००.०० |
| **(ञ) म्युचुअल फण्ड समूह** | | | |
| ४५ | सनराइज फोकस्ड ईक्वीटी फन्ड | १,०००,००० | ९,१००,०००.०० |
| ४६ | प्रभु स्मार्ट फण्ड | ६३५,७०० | ६,३६३,३५७.०० |
| ४७ | एनआईसी एशिया ग्रोथ फण्ड २ | ७५०,००० | ६,३३७,५००.०० |
| ४८ | एनआईबिएल ग्रोथ फण्ड | ७००,००० | ५,९८५,०००.०० |
| ४९ | लक्ष्मी भ्यालु फण्ड २ | ६००,००० | ५,४१८,०००.०० |
| ५० | एनआईबिएल स्टेबल फण्ड | ५००,००० | ४,२२०,०००.०० |
| ५१ | कुमारी सबल योजना | २५०,००० | २,१७५,०००.०० |
| **(ट) लगानी तथा अन्य समूह** | | | |
| ५२ | सिईडिबि होल्डिङ्स लिमिटेड | १९,००० | ३०,९५१,०००.०० |
| ५३ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | ३,००४ | ४,४९९,९९२.०० |
| | **जम्मा** | **६,९३८,४६७** | **१,३३८,६१६,८७०.८०** |

योजना व्यवस्थापक

**सिद्धार्थ क्यापिटल लिमिटेड**
Siddhartha Capital Limited — Investing happiness
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल
फोनः ४५२०९२४,४५२०९२५ फ्याक्सः ४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

कोष प्रबर्द्धक

**सिद्धार्थ बैंक लिमिटेड**
SiddharthaBank
पो.ब.नं.१३८०६, हात्तिसार, काठमाण्डौ, नेपाल
फोन नं. ४४४२९१९, ४४४२९२० फ्याक्स नं. ४४४२९२१
इमेलः sbl@siddharthabank.com
वेबसाइटः www.siddharthabank.com

# Invitation for Bids
## Nepal Red Cross Society
National Headquarter
**Kalimati, Kathmandu**

**Ist of Publication: 23 December 2024**
**2nd Publication 12 January 2025**
**3rd Publication 24 January 2025**

## Invitation of Technical and Financial (double envelope system) Bid

Nepal Red Cross Society, National Head Quarter, Kalimati, Kathmandu invites sealed tender from registered Company or firm for "Construction of Health Post (Birthing Center) Building" at Bahaunthan-2, Bheri Municipality, Jajarkot.

A complete set of Tender Documents may be purchased from the office Nepal Red Cross Society, National Headquarters, Procurement Division, Kalimati, and Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration, VAT registration and Tax clearance certificate, and upon payment of a non-refundable fee of NRs. 4000.00 until 30 January 2025. Sealed bids must be submitted to the office Nepal Red Cross Society, National Headquarters, Procurement Management Division Kalimati, Kathmandu by hand on or before 5:00 p.m. on 30 January 2025. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11:30 p.m. on 31 January 2025 at NRCS, Nhqs. Kalimati, Kathmandu.

The bidder(s) must deposit 2.5 % (two and a half percent) including VAT of 13%, of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Nepal limited, Baneshwor or Demand Draft payable in favour of the said account at the submission of bids or bank guarantee issued by A class commercial bank with the validity period of 120 days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement.

The unsealed tenders and the tenders after the submission deadline will not be accepted. The bidders are responsible to submit the tenders on time and in the manner required in the tender documents. NRCS bears no responsibility for the costs and the delay for submission of the tender.

The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.

**Nepal Red Cross Society**
**National Head Quarters**
**Red Cross Marga, Kalimati,**
**Kathmandu - Nepal**
**Phone: 5370167 / 5370650**

## नबिल बैंक लिमिटेड, बर्दिवास शाखा, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१०/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणीको नाम र ठेगानाको विवरण**

राममगर साह तेलीकी छोरी राम विलास साहकी बुहारी पच्चु साहकी श्रीमती महोत्तरी जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १२५९२६८३ (जारी मितिः २०६०/३/५, स्थान महोत्तरी) भएकी **मन्तोरिया देवी ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

राम विलास साहको नाति, पच्चु साहको छोरा महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८२०६९/२०८१ (जारी मितिः २०७४/२/७, स्थान महोत्तरी) भएको **विकास साह ।**

**धितोको विवरण**

१. महोत्तरी जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ९ बस्ने, **मन्तोरिया देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ४, नक्सा सीट नं ४क मा अवस्थित कि.नं. ५२२ र ५२८ क्षेत्रफल ०-०-६ र ०-०-१०.२५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. महोत्तरी जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ९ बस्ने, **मन्तोरिया देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, निगौल गा.वि.स. वडा नं. ४ क, नक्सा सीट नं २३२ मा अवस्थित कि.नं. ६०९ क्षेत्रफल ०-०-५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा मिति २०७५/११/२३ मा प्रा.फ.द.प्र.प.नं.: १०८५२/७५२/०७५/७६ अन्तर्गत दर्ता भएको **मिथिला वालुवा प्रशोधन उद्योग ।**

**ऋणी फर्मको प्रोपाइटरः**

गोपाल सिंह डुम्जनको नाति मान बहादुर डुम्जनको छोरा ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३९०७५२६७ (जारी मिति २०४५/०२/२०, स्थान ललितपुर) भएका **दिप लाल डुम्जन ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

सूर्य कुमार घिसिङ्गकी छोरी मान बहादुर डुम्जनकी बुहारी दिप लाल डुम्जनकी श्रीमती ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ४६५५६ (जारी मितिः २०६३/०६/२९, स्थान ललितपुर) भएकी **रिना लामा ।**

**धितोको विवरण**

**सवारी साधन धितोको विवरणः**

१. ऋणी **मिथिला वालुवा प्रशोधन उद्योग** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. प्रदेश २-०३-००१ क ०३१० भएको Tata HCV Tipper.
२. ऋणी **मिथिला वालुवा प्रशोधन उद्योग** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. प्रदेश २-०३-००१ क ०३११ भएको Tata HCV Tipper.

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ४ बस्ने, **दिप लाल डुम्जन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, पुष्पवलपुर गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५ मा अवस्थित कि.नं. २ र १ क्षेत्रफल ०-४-६-० र १-९-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ९ बस्ने, **दिप लाल डुम्जन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, पुष्पवलपुर गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६ मा अवस्थित कि.नं. २६७ क्षेत्रफल ०-०-१५-० विघा घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत ।

### तपसिल

३

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०९/२७ मा दर्ता नं. २०६५०२/०७५/०७६ अन्तर्गत दर्ता भएको **ब्रदर्स अटो इम्पेक्स प्रा. लि. ।**
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. खडानन्द सुवेदीको नाती ओम नाथ सुवेदीको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ०४९७४८६१ (जारी मितिः २०५७/०२/११, स्थान महोत्तरी) भएको **रिखी राम शर्मा सुवेदी ।**
२. गुरु प्रसाद पौडेलकी छोरी ओम नाथ सुवेदीकी बुहारी रिखी राम शर्मा सुवेदीकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने ना.प्र.नं. १८-०५-७४-००३१३ (जारी मितिः २०७४/०२/१६, स्थान महोत्तरी) भएकी **रिता सुवेदी ।**
३. श्री लाल घिमिरेको नाती छत्र प्रसाद घिमिरेको छोरा, सिन्धुली जिल्ला, दुधौली गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ६१४१ (जारी मितिः २०५३/११/२९, स्थान सिन्धुली) भएका **नारायण प्रसाद घिमिरे ।**
४. फत्ते बहादुर श्रेष्ठको नाति रामेश्वर श्रेष्ठको छोरा सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १२ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. १२९६१/०५६/५७ (जारी मिति २०५६/९/६, स्थान सुनसरी) भएका नविन श्रेष्ठ ।
६. ओम बहादुर बुढाथोकीको नाती जुद्ध सिं बुढाथोकीको छोरा, सिन्धुली जिल्ला, कमलामाई गा.वि.स. वडा नं. ११ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ९७४४ (जारी मितिः ०५५/३/२४, स्थान सिन्धुली) भएका **विमल कुमार बुढाथोकी ।**

४

**ऋणीको नाम र ठेगानाको विवरण**

खडानन्द सुवेदीको नाती ओम नाथ सुवेदीको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ०४९७४८६१ (जारी मितिः २०५७/०२/११, स्थान महोत्तरी) भएको **रिखी राम शर्मा सुवेदी ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

गुरु प्रसाद पौडेलकी छोरी ओम नाथ सुवेदीकी बुहारी रिखी राम शर्मा सुवेदीकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने ना.प्र.नं. १८-०५-७४-००३१३ (जारी मितिः २०७४/०२/१६, स्थान महोत्तरी) भएकी **रिता सुवेदी ।**

**ब्रदर्स अटो इम्पेक्स प्रा. लि.र रिखी राम शर्मा सुवेदीको संयूक्त धितोको विवरण**

महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने, **रिखी राम शर्मा सुवेदी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, २५ नं बहादुर गञ्ज गा.वि.स. वडा नं. ३, नक्सा सीट नं. ३क मा अवस्थित कि.नं. २६१ क्षेत्रफल २५३.९८ वर्ग मि. घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

५

**ऋणीको नाम र ठेगानाको विवरण**

हरि नारायण चौधरीकी छोरी, कोती सिंहकी बुहारी कृष्ण देव सिंह थारुकी श्रीमती महोत्तरी जिल्ला, मेघनाथ गोरहना गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३८१२६५९ (जारी मितिः २०५५/०३/१४, स्थान महोत्तरी) भएकी **सुसिला देवी सिंह ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

भाइ लाल सिंहको नाति कोती सिंहको छोरा महोत्तरी जिल्ला, मेघनाथ गोरहना गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३८१६३९(जारी मितिः ०५४/१२/६, स्थान महोत्तरी) भएको **कृष्ण देव सिंह थारु ।**

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

तीतोमीठो

# बजार ठण्डा छ !



मदन लम्साल

मौसम विस्तारै तात्दै छ । तर बजारमा भने चिसो कायमै छ । त्यसैले होला अफरहरूको आगो भने बलिरहेको छ । दिनभर फोन आउँछन् । एउटाले भन्छ, लौ हजुर, फ्रिज लिनुहोस् । अर्कोले भन्छ, कार लिनुहोस् । फेरि अर्कोले भन्छ, मूल्यमा भारी छूट दिन्छौं उपहार पनि लिनुहोस् । अझ अर्को फोन आउँछ, शोरुम आउनुस्, सित्तैमा तातो कफी वा चिया फिक्का दिन्छौं, सुनको असली सिक्का पनि दिन्छौं, एसेसरिज निःशुल्क दिन्छौं, नगद छैन भने उधारो दिन्छौं, छिटोछरितो लोन दिन्छौं, ईएमआई सबैभन्दा कम याने तल्लो तहभन्दा पनि तल राखिदिन्छौं ।

एउटा फोन राख्न भ्याएको छैन, अर्को आउँछ । फोनै उठाउँदिन भन्यो, म्यासेज आउँछ, बैंकको पहिलो किस्तासमेत तपाईंले दिनुपर्दैन, हामी नै दिन्छौं । पाँच वर्षलाई सित्तैमा पेट्रोल भरिदिन्छौं । वर्षदिनसम्म चार्ज गरेको पैसा लाग्दैन । पुरानो गाडी, मोटर साइकल जे चढेर आएपनि हुन्छ, नयाँ हामी दिन्छौं ।

सरकारले करोडौं खर्च गरेर सिमेन्ट प्रयोग गरेर कालोपत्र सडकहरू बनाएको छ, त्यसमाथि ठाँटसँग गुड्नुस् । अनि तपाईंलाई अरू के चाहिन्छ भन्नुस् । अरूकेही नसोच्नुस्, तपाईंका लागि हामीले सोचिसक्यौं । तपाईं नागरिकता वा नेशनल आईडी लिएर आउनुस् र हातहातै ईभी कार लिएर जानुहोस् । चाइनिज लाने कि भारतीय ईभी, त्यो त तपाईंकै मर्जी । यसमा छैन फर्जी ।

आजकल किराना पसलेले समेत कसैलाई उधारो दिँदैनन्, तर तपाईंका लागि हाम्रोतर्फबाट नयाँ कार उधारो छ । बजारमा अरूका लागि मन्दी हुनसक्छ, तर हजुरका लागि छ है उपहार खामबन्दी । आउनुस् छिट्टो गर्नुस्, स्टक सीमित छ ।

मुलुक त रामराज्य नै भएछ कि क्या हो ? जताततै सस्तो र अफरै अफरको बहार चल्याछ । यस्तै भइरहे कुन दिन च्याप्प समातेर यो घरमा बस्नुस्, त्यो गाडी पनि चढ्नुस् भन्लान् भन्ने पो डर हुन थाल्यो ।

चारैतिर चर्चा छ कि मन्डीमा ठन्डी छ अर्थात् बजार ठण्डाराम छ । जब बजार चिसो हुन्छ, व्यापारीहरूभित्र गर्मी बढ्न थाल्छ । उनीहरू असिन-पसिन भइरहेका छन् । सोध्दा उनीहरू निराश भएर भन्छन्,' दुःखद अवस्था छ । के गर्ने ! पूरै बजार चिसो भइसकेको छ । म भन्छु, बजार चिसो छ भने स्वेटर लगाउनु नि त । तर कसैलाई टोपी चाहिँ नलगाइदिनुस् । अचेल शेयर बजारमा टोपी लगाइदिन्छन् रे नयाँ लगानीकर्तालाई ।

तर व्यवसायीहरू भन्छन्, मन्दीको घाउमा नुनचुक नदल्नुस् न । बजारको चिसो त स्वेटरले हट्दैन नि । न त एसीको चिसोले हामीहरूको पसिना नै सुक्छ । तर जे जस्तो

**बजार तातिएपछि सिंगो सिंहदरबार पनि तात्नैपर्छ । तर केवल सिंहदरबारभित्रको गर्मीले बजारको चिसोपन नहट्ने रहेछ । मन्दी होस् या ठण्डी, सिंहदरबारभित्र बस्नेलाई त यी सबै विपक्षको नाटक मात्र लाग्ने रहेछ ।**

भएपनि कुनै गुनासो गर्‍यो भने सरकारले देशद्रोही करार गर्न बेर लाउन्न । भन्छन् कि दूध दिने गाईको लात पनि सहनुपर्छ । तर यहाँ दूधमात्रहोइन, नौनी र घ्यु समेत दिने बजारको कसैले सुन्दै सुन्दैन । सरकारले त केही गुन्दै गुन्दैन । के गर्ने? देशभक्त नेताहरूको बोलवाला चलिरहेका बेला बजार र व्यापारीहरूको के औकात ! उद्योगी व्यापारीका कुरा कसले सुन्ने ? दाइ, भाउजु र बालाई बजारलाई चलायमान बनाइदेऊ भनेर कति भन्ने ? चिच्याउँदा चिच्याउँदा घाँटी जो सुकिसकेको छ ।

बजार त बजार हो ।त्यसमा हजार उपाय हुन्छन् । बजार तातिएपछि सिंगो सिंहदरबार पनि तात्नैपर्छ । तर केवल सिंहदरबारभित्रको गर्मीले बजारको चिसोपन नहट्ने रहेछ । मन्दी होस् या ठण्डी, सिंहदरबारभित्र बस्नेलाई त यी सबै विपक्षको नाटक मात्र लाग्ने रहेछ ।

जहाँसम्म विकास किन भएन भन्ने प्रश्न छ, यो त हेर्ने हो भने मात्रै देखिन्छ । हवाई चप्पल लगाउन नपाउनेहरू अब हवाईजहाजमा यात्रा गर्न थालेका छन्, डेढ केबी डेटा भए पुग्नेहरूलाई अहिले त ५ जीबीले पनि पुग्दैन । विगतमा वर्षभरिमा बल्ल एक दुई चलचित्र मात्र चल्ने चलचित्रघरहरूमा अहिले हरेक हप्ता दुई नयाँ फिल्म लाग्ने गरेका छन् र हाउसफुल पनि हुन्छन् । अनि बजारमा ठण्डी कहाँ छ ? यही बजारमा विनोद दाइ, मीन दाइ र चन्द्र भाइ छैनन् र? उनीहरूको व्यापार त राम्रै चलिरहेको छ त । उनीहरूको चल्ने तिमीहरूको नचल्ने हुन्छ र ?

सुतेको मानिसलाई पो बिउँझाउन सकिन्छ । बिउँझेका बेला पनि सुतेको नाटक गर्नेलाई के गर्न सकिन्छ र ? बजारमा ठण्डी छ अर्थात् बजारमा मन्दी छ भन्दा भन्दै पनि मान्दै नमान्नेलाई के नै गर्न सकिन्छ र ? यो ठन्डीको रोग नेपाललाई मात्रै लागेको हो र ? युरोप जानुस् कि अमेरिका हेर्नुस्, चीनतर्फ फर्किनुस् कि भारततिर भन्किनुस्, सबैतिरको बजारमा ठण्डीकै चिन्ता छ । विश्व तातेको छ भनेर के गर्नु ? व्यापार व्यवसाय सबै सेलाएर छोइनसक्नु हुँदैछ । त्यही भएर होला शायद विश्व तताउन अमेरिका तापमान वृद्धि नियन्त्रणको अभियानबाट पछि हटेको छ ।

त्यसैले अब यो नभन्नुस् कि बजारमा मन्दी छ, जनता समस्यामा छन् र जनताका दुःखका ग्राफ तीव्र गतिमा बढ्दैछन् भनेर । ग्राफ बढिरहेको छ भने बढ्न दिनुस् न त । त्यसमा के नराम्रो भयो र ? बरु हामी दुःखको नाम बदलौं र त्यसलाई सुख राखिदिम न । ... त्यसपछि सुखको ग्राफ बढ्यो भने कसैलाई समस्या हुन्छ र ?



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**चर्खामा धागो कातेर 'मेक इन नेपाल एक्स्पो २०२५' र 'नेपाल पश्मिना अन्तरराष्ट्रिय एक्स्पो २०८१' को उद्घाटन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी । स्वदेशी उद्योग, व्यवसाय प्रोत्साहन, स्वदेशी उत्पादनको बजार विस्तारका साथै उद्यमशीलता र लगानीको सम्भावना उजागर गर्ने उद्देश्यले काठमाडौंको भृकुटीमण्डपमा एक्स्पो आयोजना गरिएको हो । नेपाल पश्मिना उद्योग संघको आयोजना, नेपाल उद्योग परिसंघको सहकार्य र राइजिङ नेपालको व्यवस्थापन रहेको एक्स्पो शनिवारसम्म चल्नेछ ।**

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति-२०८१

# ठूला उद्योगको 'भ्यालु चेन'मा साना उद्योगलाई जोडिने

अभियान संवाददाता
काठमाडौं

लघु, घरेलु तथा साना उद्योग (एमसीएसईज्) को प्रवर्द्धनका लागि यस्ता उद्योगलाई ठूला तथा मझौला उद्योगको आपूर्ति शृंखलासँग जोड्ने उद्देश्यले सरकारले साना उद्योगसम्बन्धी नीति सार्वजनिक गरेको छ । स-सानो तथा छरिएको पूँजीबाट सञ्चालित लघु, घरेलु तथा साना उद्योग सम्बन्धी मार्गदर्शनका लागि छुट्टै नीतिको आवश्यकता देखिएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस्ता उद्योगको आपूर्ति चक्रलाई मझौला तथा ठूला उद्योगसँग जोड्ने रणनीति लिएको हो । ठूला तथा मझौला उद्योगले प्रयोग गर्ने वस्तुको आपूर्तिका लागि यस्ता उद्योग र एमसीएसईज्बीच अग्र तथा पृष्ठ अन्तरसम्बन्ध कायम गरिने उद्योग मन्त्रालयले बुधवार सार्वजनिक गरेको 'लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति-२०८१' मा उल्लेख छ । एमसीएसईज्लाई मूल्य शृंखलामा जोड्न समेत उक्त रणनीति ल्याइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार हाल अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान १३ प्रतिशत रहेको छ । उक्त योगदानमा एमसीएसईज्को योगदान उल्लेख्य रहेको भनिए कति छ भन्ने स्पष्ट तथ्यांक भने छैन ।

मुलुकका आवधिक योजनाले पनि एमसीएसईज्को प्रवर्द्धनमा जोड दिँदै आएका छन् । यद्यपि त्यसअनुसार भने यो क्षेत्र विकसित हुन नसकेको पनि सोही नीतिमा उल्लेख गरिएको छ । उक्त नीति अनुसार उद्यमशीलता प्रवर्द्धनका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने नीति पनि लिइएको छ । त्यसका लागि माध्यमिक तथा उच्च शिक्षा तहको पाठ्यक्रममा उद्यमशीलता विषय समावेश गर्ने नीतिमा उल्लेख गरिएको छ ।

### नीतिका मुख्य प्रावधान

- हस्तकला उद्योगको विकास तथा बजार विस्तार गर्न क्लष्टरिङ तथा नेटवर्किङ विधि अपनाइने
- सम्भाव्यताका आधारमा सार्वजनिक-निजी साझेदारीमा हस्तकला ग्रामको स्थापना र सञ्चालन
- कच्चापदार्थको आयातमा लाग्ने भन्सार दरबन्दीको पुनरवलोकन
- उद्यमशीलता विकास गर्न माध्यमिक तथा उच्च शिक्षा तहमा 'पढ्दै कमाउँदै' अवधारणा लागू
- सबै प्रदेशमा उद्यम संवर्द्धन केन्द्र (बिजनेश इन्क्युबेसन सेन्टर) सञ्चालन
- स्थानीयस्तरमा उपलब्ध कच्चापदार्थको प्रोफाइल तयार गरिने
- माध्यमिक तथा उच्च शिक्षा तहको पाठ्यक्रममा उद्यमशीलता विषय समावेश गर्ने

सरकारले व्यावसायिक, प्राविधिक शिक्षा, उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने शैक्षिक तथा तालीम प्रदायक संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने नीति लिएको छ । साथै एमसीएसईज्लाई सहुलियतपूर्ण कर्जा तथा पुनर्कर्जा सुविधा दिने, उद्यमशीलता, बजार व्यवस्थापन, पूँजी जस्ता विषयमा सघाउन उद्यम व्यवसाय परामर्शको व्यवस्था पनि गर्ने नीति लिएको छ ।

त्यस्ता उद्योगको उत्पादनको बजार प्रवर्द्धनका लागि निजीक्षेत्र, सहकारी र स्थानीय तहको सहभागितामा विभिन्न स्थानमा बिक्री केन्द्र, कोसेली घर, उद्यम घर, सामुदायिक/साझा सुविधा केन्द्र स्थापना र विकास गर्ने नीति मन्त्रालयको छ ।

शैक्षिक प्रमाणपत्र धितोमा राखेर सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रवाह गर्ने विषय यो नीतिमा पनि समावेश गरिएको छ । तर शैक्षिक प्रमाणपत्र कर्जा दिने बैंक तथा वित्तीय संस्थाका लागि मूल्यवान् नहुने भएकाले कर्जा प्राप्तिको सुनिश्चिततारे उक्त नीतिमा उल्लेख गरिएको छैन । एमसीएसईज्मा काम गर्ने कालिगढ, कलाकार तथा कामदारको बीमा तथा रोजगार सुरक्षा कार्यक्रम पनि लागू गर्ने नीति मन्त्रालयले लिएको छ । मन्त्रालयले बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूसँग समन्वय तथा सहकार्य गरिने उल्लेख गरेको छ । यो नीतिले सबै सरकारी तथा सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग गर्न प्रोत्साहन गरेको छ ।

# दबाबमा रहेको अर्थतन्त्र सुधारको बाटोमा : अर्थमन्त्री पौडेल

अभियान संवाददाता
काठमाडौं

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र केही समयदेखि दबाबमा रहे पनि अहिले सुधार हुँदै गएको बताएका छन् । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६०औं वार्षिकोत्सवको अवसरमा बिहीवार काठमाडौंमा आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले अहिलेको बढ्दो तरलतालाई बैंकले उत्पादन र रोजगारी सृजनामा लगाउन आग्रह गरे ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले विभिन्न आरोह अवरोहसहित अघि बढेको राष्ट्रिय वाणिज्य बैंकको अहिलेको अवस्था गर्व गर्न लायक भएको बताए । उनले भने, 'यो बैंकको पूँजीको विकासका लागि आउने प्रस्तावप्रति राष्ट्र बैंक उदार




रहेको छ ।'

बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुंगानाले नेपाल सरकारले प्राथमिकता प्राप्त क्षेत्र घोषणा गरे कृषि, ऊर्जा, पर्यटन तथा उत्पादनशील जस्ता क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक निरन्तर लागिपरेको बताए । बैंकले सुन खरीद बिक्री गर्ने कार्य समेत शुरू गरेको र बैंकिङ सेवा सुविधामा गुणस्तर बढाउँदै थप विश्वसनीय, सुरक्षित, प्रविधियुक्त तथा ग्राहकमैत्री बनाउने काम प्राथमिकताका साथ भइरहेको जानकारी उनले दिए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले पुस मसान्तसम्ममा बैंकको कुल निक्षेप रू. ४ खर्ब ५० अर्ब, कुल कर्जा सापट रू. २ खर्ब ८४ अर्ब, चुक्तापूँजी रू. १५ अर्ब ६३ करोड, कुल सम्पत्ति रू. ५ खर्ब २६ अर्ब तथा खुद सम्पत्ति रू. ५२ अर्ब पुगेको जानकारी दिए । पुस मसान्तमा बैंकको कोषको लागत ३ दशमलव ८१ प्रतिशत तथा आधारदर ५ दशमलव ४४ प्रतिशत रहेको उनले बताए । चालू आर्थिक वर्षदेखि साना किसान कर्जा, वैदेशिक रोजगारी कर्जा जस्ता नयाँ कर्जामार्फत सेवा विस्तार गर्ने कार्यक्रम ल्याइएको उनको भनाइ छ ।

सो अवसरमा विशेषांक स्मारिका 'उपहार २०८१' विमोचन गरिएको थियो ।। साथै बैंकका हालै सञ्चालनमा आएका २७ शाखा कार्यालय र विभिन्न नवनिर्मित भवन भर्च्युअल माध्यमबाट औपचारिक रूपमा उद्घाटन गरिएको थियो । वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालय परिसरबाट 'वित्तीय साक्षरताका लागि प्रभातफेरी' कार्यक्रम समेत आयोजना गरिएको थियो ।

**INVITATION FOR QUOTATION**

Himalayan Distillery Ltd. invites quotation for 'Refrigeration Room & Allied work' from the interested eligible and resourceful National/International Manufacturer/Authorized or Sole Distributor/Firms having sufficient resources & experience in execution of similar type of works as details here under.

The complete set of documents (Scope of Work) can be received at free of cost from its Contact Office at Jawalakhel, Lalitpur or can be downloaded from the website of the company "www.himalayandistillery.com".

Interested company/firm must submit sealed quotation at following address within 7th February, 2025. Proposals received after the deadline will not be considered for further evaluation.

1. **Project Location:** Soludhudhkunda Municipality-8, Pattale, Solukhumbu, Nepal
2. **Access road of site:** Connected with Ghurmi-Salleri Highway
3. **Scope of Work:** Supply, Installation and Commissioning of Machinery and Equipment including insulation material all complete.
4. **Required Document:**
   - Company Profile with owner's & Key Management Staff's CV and identification documents such as citizenship certificate
   - Notarized copy of PAN/VAT, Company Registration Certificate
   - Latest Tax Clearance Certificate
5. **Eligibility Criteria:**
   - **Experience:** Successful completion certificate.

Further information can be obtained from office of the company at Jawalakhel, Lalitpur, Nepal.

**Himalayan Distillery Ltd.**
Contact Office, Uttar Bagaicha Marg, Jawalakhel, Lalitpur, Nepal
Contact No.: 01-5427465

*'Himalayan Distillery Limited, reserves all the rights to accept or reject any or all the quotations fully or partially without assigning any reason whatsoever and is not bound to accept the lowest quotation.'*

# साढे ७ प्रतिशत बढ्यो निर्जीवन बीमा व्यवसाय

अभियान संवाददाता
काठमाडौं

चालू आर्थिक वर्ष २०८१/८२ को पुससम्ममा निर्जीवन बीमा कम्पनीहरूको व्यवसाय ७ दशमलव ६८ प्रतिशतले बढेको छ । आन्तरिक आर्थिक गतिविधि चलायमान हुन थालेपछि बीमा कम्पनीहरूको व्यवसायमा पनि वृद्धि देखिएको हो । नेपाल बीमा प्राधिकरणको तथ्यांक अनुसार चालू आवको पुससम्ममा लघुबाहेकका १४ ओटा निर्जीवन बीमा कम्पनीहरूले १३ लाख ८९ हजार ओटा बीमालेख बिक्रीबाट २० अर्ब ८८ करोड रुपैयाँ बीमाशुल्क उठाएका छन् । गत आवको पुससम्ममा कम्पनीहरूले १४ लाख २१ हजार बीमालेख जारी गरी १९ अर्ब ३९ करोड बीमाशुल्क संकलन गरेका थिए ।

यसैगरी गत आवको पुसको तुलनामा चालू आवको पुसमा पनि कम्पनीहरूको व्यवसाय बढेको छ । पुसमा कम्पनीहरूले २ लाख ५१ हजार बीमालेखबाट ३ अर्ब ७० करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन् । गतवर्षको पुसमा भने कम्पनीहरूले ३ अर्ब ६७ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका थिए । हाल १४ ओटा कम्पनीले निर्जीवन बीमा सेवा दिँदै आएका छन् । पुसमा सबैभन्दा बढी शिखर इस्योरेन्सले २ अर्ब ५९ करोड रुपैयाँ बीमाशुल्क संकलन गर्दा सबैभन्दा कम नेशनल इन्स्योरेन्सले ६२ करोड १२ लाख रुपैयाँ मात्र संकलन गरेको छ । रेमिट्यान्स आप्रवाहमा आएको सुधारसँगै पछिल्लो समय बैंक, वित्तीय संस्थामा अधिक तरलता देखिएको छ, जसले गर्दा बैंकहरूले ब्याजदर घटाउँदै कर्जा प्रवाहमा जोड दिएका छन् । बैंकिङ क्षेत्रको कर्जा प्रवाह बढ्दा निर्जीवन बीमा कम्पनीहरूको व्यवसाय पनि विस्तार हुने गरेको छ ।

### ४२ करोडको लघुबीमा

चालू आवको पुससम्ममा लघुबीमा कम्पनीहरूले पनि एक लाख ६८ हजार बीमालेखमार्फत ४२ करोड २९ लाख रुपैयाँ बराबर बीमाशुल्क संकलन गरेका छन् । गत आवमा भने पुससम्ममा २० हजार ३७३ ओटा बीमालेख जारी गरी ४ करोड ५० लाख बीमाशुल्क संकलन गरेका थिए । हाल नेपाल, प्रोटेक्टिभ, स्टार र ट्रस्ट माइक्रोइस्योरेन्सले निर्जीवन लघुवित्तको कारोबार गर्दै आएका छन् ।

चालू आवको पुससम्ममा जीवन बीमा कम्पनीको व्यवसाय पनि ८ दशमलव ६८ प्रतिशतले बढेको प्राधिकरणले तथ्यांक छ ।

**चालू आर्थिक वर्षको पुससम्ममा निर्जीवन बीमा कम्पनीहरूको व्यवसाय (निर्जीवन लघुबीमक बाहेक)** (रकम रू. लाखमा)

| बीमक | पुस महीना | | | पुस महीनासम्म | |
|---|---|---|---|---|---|
| | जारी बीमालेख | कुल बीमाशुल्क | बीमांक रकम | जारी बीमालेख | कुल बीमाशुल्क |
| नेपाल इन्स्योरेन्स | १७,२३४ | १,४८५.८० | ५२९,६९१.१४ | ९५,४०५ | १०,९३२.७३ |
| दि. ओरिएन्टल इन्स्योरेन्स | ४,०२६ | २,१८६.७८ | ५०४,३२२.६५ | २२,११८ | १३,४५५.७८ |
| राष्ट्रिय बीमा कम्पनी | २५,६०६ | ४०९.४९ | २३१,८०८.८४ | १२३,२०१ | ७,१२१.३८ |
| नेशनल इन्स्योरेन्स | २,४१५ | ७८४.८१ | २३६,७४३.६९ | १४,२२० | ६,२१९.७४ |
| नेको इन्सुरेन्स | २५,०२६ | २,६१३.०२ | ७८१,८८८.८१ | १४५,६९३ | १६,६५१.२३ |
| प्रभु इन्स्योरेन्स | १०,२५१ | १,३७०.८८ | २३७,४५५.४२ | ६२,७७५ | ९,०३९.३० |
| शिखर इन्स्योरेन्स | २६,४३२ | ८,४७७.२५ | ७४९,६२७.७६ | १४९,३९३ | २५,९०२.९९ |
| एनएलजी इन्स्योरेन्स | १५,६६६ | २,७६४.२० | ९१३,०८७.१३ | ९४,१८३ | १४,०७०.२७ |
| हिमालयन एभरेष्ट इन्स्योरेन्स | २५,४७७ | ३,१७४.७९ | ६८२,९७७.७९ | १३०,२६५ | १७,१८४.०४ |
| सानिमा जिआईसी इन्स्योरेन्स | १३,७४१ | १,९५७.१९ | ६८५,६९९.९१ | ६६,००५ | ११,९३१.७७ |
| सिद्धार्थ प्रिमियर इन्स्योरेन्स | २६,२९७ | ३,६९४.८७ | ९९५,९१०.८७ | १५१,७५७ | २१,३८०.७२ |
| सगरमाथा लुम्बिनी इन्स्योरेन्स | २४,६८६ | ३,५३८.०२ | ८६७,७१९.७८ | १४०,०१४ | २५,५३६.३८ |
| आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स | २०,१५८ | २,८१८.९० | ९२२,१८२.३६ | १०६,७६६ | १७,३७१.६० |
| युनाइटेड अजोड इन्स्योरेन्स | १४,७२८ | १,७८१.७१ | ४६६,४२४.०० | ८७,५२४ | १२,०३७.३९ |
| जम्मा | २५१,७४३ | ३७,०५७.७२ | ८,८०५,५४०.१५ | १,३८९,३१९ | २०८,८३५.३३ |

स्रोत : नेपाल बीमा प्राधिकरण

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर